# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

समाजको सर्वाङ्गीण विकासका लागि समुदाय भित्रका विभिन्न जातजाति, भाषा, संस्कृति, लिङ्ग आदि सवै कुरामा समान रुपमा विकास हुनुपर्दछ । अहिलेको समय २१ औं सताव्दीमा पनि आधा आकाश ढाकेका महिलाहरु अझै पनि विकासको दृष्टिले हेर्दा पुरुषको तुलनामा पछाडी परेको नै देखिन्छ । अझ नेपाल जस्तो विकासोन्मुख मुलुकमा महिलाहरु विकासको मुलबाटोबाट धेरै टाढा रहेका छन । नेपालको पितृसतात्मक समाजले आजको बौद्धिक र विकसित विश्वपरिवेशमा देखा परेको नयाँ परिवर्तनको लहरसँगै महिला विकास र सशक्तिकरणको पक्षलाई कहिले पनि सम्बोधन गर्न सकेन समाजमा लिङ्ग, वर्ग तथा सामाजिक साँस्कृतिक परम्परा देखिनै महिला र पुरुष बीचको विभेदले अझै पनि समतामा आधारित सजाजको निर्माण हुन सकेको छैन । विकासको क्षेत्रमा अझै पनि महिलाहरु निकै पछाडि परेका छन् । महिलाहरुको पहुँचमा अभिवृद्धि र प्रत्येक क्षेत्रमा तिनीहरुको सहभागिताको आवश्यक देखिएको छ । देशको विकासले तब सम्म गति लिन सक्दैन जब सम्म महिलाहरुलाई विकासको मूल प्रवाहामा सहभागी गराउन सकिदैन । पहिला देखिनै सामाजिक र साँस्कृतिक हिसाबले महिलालाई कमजोर देखाइदै आएका कारण अझै पनि महिलाहरुलाई अगाडि बढ्नमा समस्या रहिरहेको छ । तसर्थ नेपालमा महिला पुरुष बीचको विभेदलाई हटाई सामाजिक, आर्थिक, राजनितिक तथा प्रशासनिक क्षेत्रमा महिलाको सहभागिताको दर उल्लेख्य रुपमा वृद्धि गराउन साथै महिला सशक्तिकरणका लागि विभिन्न समयमा प्रयासहरु भएको पाइन्छ । प्रत्येक मुलुकले राज्य सञ्चालनका लागि शिक्षण सेवालाई गठन गर्नका साथै यसलाई महत्वका रुपमा हेरेको पाइन्छ ।

देशको शिक्षा विकासका लागि शिक्षा आयोगको गठन गरिएको छ । हालको वर्तमानको स्थिति हेर्दा शिक्षण सेवामा महिलाको इच्छा र सहभागिता बढी भएको पाइन्छ । एकातर्फ शिक्षण सेवामा लोकतान्त्रिक रुपमा र समान रुपामा समावेशीकरणका आवाज उठिरहेका छन् भने अर्को तर्फ शिक्षण सेवालाई प्रतिनिधिमुलक कर्मचारीतन्त्रको रुपमा विकासमा लैजानु आवश्यकता महशुस गरिएको छ । शिक्षण सेवामा महिला सहभागिता रहेका नविनतम मान्यताहरु अंगिकार गर्ने सवालमा

होस् या सवै पक्षहरुलाई समाजमा र राष्ट्रमा रहेका प्रत्येक तह तहका व्यक्ति तथा संस्थाले आफ्ना योजनामा ति कुराहरुलाई विशेष रुपमा प्रस्तुत गर्ने प्रचलनको सुरुवात गरेको पाइन्छ ।

अहिलेको समयमा शिक्षाको महत्व सँग सँगै महिलाहरुलाई शिक्षण सेवामा आवद्ध गराउनको साथै महिलाहरुलाई अगाडि वढन र समाजमा र शिक्षामा पुरुष सरह अगाडि वड्नको लागि शिक्षक सेवा आयोगले महिलाको लागि छुट्टै कोटाको व्यवस्था गरेको छ । जसले गर्दा उनिहरुलाई केही मात्रामा सहज र अगाडि वड्नका लागि सहयोग पुगोस भन्ने धारणाले महिलालाई सहभागि गराइएको छ ।

सामाजिक न्यायबाट बन्चित महिलाहरलाई उनिहरुको हक र अधिकार प्रयोग गर्न सक्षम वनाउनका लागि राज्यले शिक्षण सेवामा महिलाको कोटा राखेको छ । जसले गर्दा धेरै महिलाहरुलाई यसमा सामेल हुनपाउने अधिकार जुटेको छ ।

सामाजिक न्यायबाट वन्चित एवम पुरातत्व दासता र मान्यताले दविएका महिलालाई उनीहरुको अवसर प्रयोग गर्न सक्ने बनाउन समग्र प्रक्रियालाई महिला शसक्तिकरणको रुपमा लिइन्छ । यस अर्थमा महिला शसक्तिकरण यस्तो प्रक्रिया हो जसमा समुदायमा शक्ति, क्षमता, आत्मविश्वास तथा पहुँच नहुनेहरुका लागि शिक्षा चेतना तथा अधिकार र अवसरलाई प्रदान गरी क्षमताको अभिवृद्धि गरिन्छ । नेपालमा पनि महिलाहरु विभिन्न कारणले गर्दा शसक्त हुन सकेका छैनन । समाजमा रहेका अशक्त महिलाहरुलाई ज्ञान, सीप, हिम्मत, शिक्षा, अधिकार तथा अवसर प्रदान गर्ने प्रक्रियालाई नै महिला सशक्तिकरण  भनिन्छ । नेपालको समुदायमा रहेका महिलाहरु कतिपय सवालमा अधिकार र अवसरहरु प्राप्त गर्न सकेका छैनन भने कतिपय सर्न्दभमा अधिकार र अवसरहरुलाई प्रयोग गर्न सकेका छैनन । त्यसैकारणले गर्दा महिला सशक्तिकरणको आवश्यकता देखिएको छ ।

मथि उल्लेखित सर्न्दभबाट दृष्टि दिदै विशेषत पोखरामाहानगरपालिका वडा नं. १ र २  भित्र रहेका सामुदायिक विद्यायका महिला शिक्षिकाको सहभागिताको स्थिति अध्ययन गरी उनिहरुलाई उजागर गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

महिला उत्थानका सवालमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरबाट धेरै सक्रिय प्रयासहरु हुँदा हुँदै पनि महिलाहरुको स्थिती तुलनात्मक रुपमा सुधार हुन सकेको छैन । तसर्थ पोखरा महानगरपालिकाको वडा १ र २ मा रहेका विद्यालयमा कार्यरत महिलाले कस्तो अवसर प्राप्त गरेका छन् ? आफ्नो पेशामा कत्तिको सन्तुष्ट छन् ? विद्यालयमा रहेका महिलाको सहभागिता र सशक्तीकरणको स्थिती

कस्तो छ ? भन्ने कुरालाई मुख्य समस्याको रुपमा लिएको छ । यसैसँग सम्बन्धित निम्न अनुसन्धनात्मक प्रश्नहरुको उत्तर खोजिएको छ ।

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरु यस प्रकार छन् ।

१) शिक्षण सेवामा महिला सहभागिता कस्तो रहेको छ ?

२) सेवामा कार्यरत महिलाहरु आफ्नो पेशामा कतिको सन्तुष्ट छन् ?

३) शिक्षण सेवामा कार्यरत महिला सहभागिताले शैक्षिक उपलब्धी स्तरको प्रभाव कस्तो परेको छ ?

४) महिलामा आर्थिक, सामाजिक रुपमा शसक्तिकरणको स्थिती कस्तो रहेको छ ?

## १.३ अध्ययको उद्देश्यहरु

यस अध्ययन निम्न उद्देश्यहरुमा आधारित भई संचालन गरिएको छ ।


१) सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षिकाहरुको शसक्तिकरणको सवालमा सामाजिक, आर्थिक अवस्था पहिचान गर्ने ।

२) महिला शिक्षिकाले भोगेका समस्याहरु पत्ता लगाउने ।


## १.४अध्ययनको औचित्य

राज्य सञ्चालको रुपमा र मूख्य देश विकासका लागि शिक्षाको महत्व रहेका कारण शिक्षण सेवामा महिलाहरुको प्रभावकारी सहभागिता विना उनिहरुमा नत सकरात्मक सशक्तिकरण हुन जान्छ नत विकासका समग्र प्रक्रियाले नै पूर्णता पाउँछ । अर्को तर्फ हाम्रो समाजमा पुरुषको तुलनामा महिलाको अवस्था दयनिय देखिएको छ । शिक्षण सेवामा महिलाको सहभागिताको अभिवृद्धिका लागि आरक्षः सकरात्मक विभेद नीति लगायत राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक रुपमा महिलाहरुलाई शसक्तिकरण गरिनु पर्ने विषयमा कार्यन्वयनमा देखिएका समस्या र चुनौतीहरुको आधारमा यस अध्ययन पुष्टि गर्न खोजिएको छ । यसका साथै पोखरा माहानगरपालिका वडा नं. १ र २ मा रहेका सामुदायिक विद्यालयमा महिला शिक्षिकाहरुको अध्ययन र अनुसन्धान गर्नको साथै शिक्षण सेवामा सहभागी भइ सकेपछि विभिन्न पारिवारिक लगाएत सामाजिक रुपमा अनीहरुको सक्रियता वुझ्नको लागि यस अध्ययनले सहयोग गर्ने छ । यस अध्ययनले लैङ्गिक दृष्ट्रिकोण गरिने कुनै पनि अध्ययन र अनुसन्धानका लागि सहयोगी भुमिका खेल्नको साथै यस विषयमा थप अध्ययन तथा अनुसन्धान गर्न चाहिने व्यक्ति तथा संघ सस्थाहरुको लागि प्रस्तुत अध्ययन आधार हुने तथ यस विषय सम्बन्धी सूचना लिन चाहानेहरुका लागि पनि उपयोगी सिद्ध हुने भन्ने अपेक्षा गरिएको छ ।

**१.५ अवधारणत्मक ढाँचा**




मथि उल्लेखित अवधारणात्मक ढाँचा अनुसार शिक्षण सेवामा महिला प्रवेशका लागि अधिकारको सुनिश्चितता, आरक्षण जस्ता कुराले भुमिका खेल्न जान्छ । एकातर्फ शिक्षण सेवामा महिला सहभागिता, महिलाका लागि अवसर मात्र नभइ चुनौती पनि हो र अधिकारको विषय पनि हो । अर्को तर्फ शिक्षण सेवामा विकासको योजना, नीति निर्माण र व्यवस्थापनमा महिला सहभागिताको खाँचो छ ।




उपर्युक्त महिला सशक्तिकरणसँग सम्बन्धित अवधारात्मक ढाँचा अनुसार महिला सशक्तिकरण, महिलाहरुको सामाजिक, आर्थिक, राजनितिक समस्याका सवाल सँग जोडिएको हुन्छ । साथ साथै शैक्षिक, मनोवैज्ञानिक पक्षको पनि सशक्तिकरणको पक्रियामा उत्तिकै भूमिका रहेको हुन्छ । महिलाहरुमा अन्तरनिहित सामार्थ्यको विकास गराई उनीहरुभित्र लुकेको ज्ञान, सिप र क्षमतालाई समाजमा पुरुषसरह समान रुपमा हक-हित र भेद भाव विरुद्ध लड्न सक्ने क्षमताको विकास हुनुनै महिला सशक्तिकरण हो ।

**१.६ अध्ययनको परिसिमा**

यस अध्ययनको परिसिमा निम्न अनुसार रहेका छन् ।

यो अध्ययन पोखरा महानगरपालिका वडा नं. १ र २ मा रहेका सामुदायिक विद्यालयका महिला शिक्षणहरुको सहभागिता एवम सशक्तिकरणका विषयमा मात्र सिमित रहको छ । यस बाहेक अन्य क्षेत्रलाई अध्ययनले सम्बोधन गर्ने छैन ।

**१.७ सम्बन्धित शब्दावालीको परिभाषाः**

यस अध्ययनमा प्रयोग भएका शब्दावलीको अर्थ यस प्रकार रहेका छन् :

शिक्षक सेवा : सरकार द्धारा पारित नीति कार्यक्रमहरु कार्यान्वयन गराउनका लागि आवश्यकता अनुसारविभिन्न सेवा, समूह एवम उपसमूहहरु गठन गरी सो अनुरुप छुट्टै कानून द्धारा गठन वैधानीक एवम स्थायी सेवा हो ।

महिला सहभागिता : परिवारको आर्थिक अवस्थामा सुधार लाई स्वयम पनि शिक्षण सेवाका क्रियाकलापमा सहभागिता जनाउने महिलाको भूमिका ।

सामाजिक आर्थिक अवस्था : पारिवारिक पृष्ठभुमी, शिक्षा जात, धर्म, पेश आदि सामाजिक अवस्था तथा आम्दानी जस्ता मापन गर्ने आर्थिक अवस्था

महिला सशक्तिकरण : महिलालाई आर्थिक, सामाजिक, राजनैतिक तथा मनोवैज्ञानिक क्षेत्रमा सक्रिय, सक्षम र पहुँचवाला बनाउने प्रक्रिया ।

**१.८ अध्ययनको सङ्गठनात्क ढाँचा**

प्रस्तुत साधपत्रलाई मुख्यता ७ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठ भुमी, समस्याको कथन, अध्ययनका उद्देश्य, अध्ययनको औचित्य, अवधारात्मक ढाँचा, अध्ययनको परीसिमा, अध्ययनको संगठन र सम्बन्धित शब्दबलीको परिभाषा राखिएको छ । दोस्रो अध्ययानमा साहित्यको पुनरावलोकन र साहित्यको समिक्षा गरिएको छ । त्यसैगरी तेस्रो अध्यायमा अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्क प्रकृति र स्रोतहरु, प्राथमिक सङ्कलन विधि, अन्तवार्ता अनुसुची, अवलोकन विधी, वैयक्तिक अध्ययन र तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरणलाई समेटीएको छ । त्यसै गरी चौथो अध्यायमा शिक्षण सेवामा कार्यरत महिलाहरुको सामाजिक आर्थिक तथा जनसाङ्ख्यिकिकरण पृष्ठभुमी लाई प्रस्तुत गरिएको छ भने अध्याय पाँचमा शिक्षण सेवामा महिला सहभागिता र अध्याय छ मा सेवामा कार्यरत महिलाको अवस्था र महिला सशक्तिकरणको विषय समेटिएको छ भने अध्याय सातमा अध्ययनको सार, प्राप्ति, निस्कर्ष प्रस्तुत गरिएको छ । अन्त्यमा अन्तरवार्ता सुची र वडा स्थित सामुदायिक विद्यालयको नामावली विवरण आदिलाई स्थान दिइएको छ ।

# परिच्छेद : दुई
# साहित्यिक पुनरावलोकन

हरेक अनुसन्धानमा सन्दर्भ साहित्यको समीक्षा अनिवार्य र महत्वपुर्ण हुने गर्दछ । सामाजिक अनुसन्धानमा विभिन्न जटिल स्वरुपका विषयहरुमा अध्ययन गर्ने सवालमा सन्दर्भ साहित्यको समीक्षा अनिवार्य हुन्छ । आफ्नो अध्ययन, अनुसन्धानको निष्कर्षलाई तुलनात्मक मुल्याङकन गर्नको लागि सन्दर्भ साहित्यले मार्ग निर्देशन गर्दछ ।

## २.१ सैद्धान्तिक समीक्षा

अनुसन्धान कार्य सु सम्पन्न गर्नका लागि विभिन्न किसिमका शीर्षक सँग सम्बन्धित सिद्धान्तहरु, पुस्तकहरु, पूर्व खोज, अनुसन्धान बारे अध्ययन गर्नु अनिवार्य छ । जसले गर्दा अध्ययनलाई सुमार्गतर्फ डोहोऱ्याउन सहज हुन्छ । यस अध्ययनमा महिलाको शिक्षण सेवामा सहभागिता एवम सशक्तिकरणका विषयमा समिक्षा गरिएको छ । यस सन्र्दभमा लैङ्गिक अवधारणा अन्तरगत लिङ्ग र सामाजिक लिङ्ग, कार्य लैङ्गिक भुमिका र विभेद तथा लैङ्गिक विकासका अवधारणालाई समीक्षा गरिएको छ । यसै अध्ययनमा शिक्षण सेवामा महिला सहभागिता तथा महिला सशक्तिकरणका कार्यक्रमहरुबारे समिक्षा गरिएको छ । यसै गरी पूर्व अध्ययनको समीक्षा गरिएको छ । अध्ययनको उत्तरार्दमा महिला सम्बन्धी नीति तथा योजनाको पनि समिक्षा गरिएको छ । यस अध्ययनलाई पूरा गर्न सम्बन्धित अनुसन्धान, पाठ्यपुस्तक, विभिन्न अनुसन्धानात्मक प्रतिवेदन, रचना पत्रपत्रिका इत्यादिलाई अध्ययन गरी समिक्षा गरिएको छ ।

### २.२.१ लैङ्गिक अवधारणा

लिङ्ग शब्दले महिला पुरुषलाई शारीरिक रुपमा भिन्नता देखाउछ भने लैङ्गिक शब्दले उनीहरुको सामाजिक, साँस्कृतिक तथा मनोवैज्ञानिक भिन्नतालाई बुझाउछ (गिडन्स, २००१) ।

जेन्डर महिला र पुरुषलाई दिइएको सामाजिक परिभाषा हो । जेन्डरले महिला र पुरुषको बाहिरी रुप व्यहोरा भूमिका जिम्मेवारी अधिकार स्रोत साधानमा पहुँच र नियन्त्रणमा आदि तय गर्दछ । अर्को शब्दमा जेन्डर एक सामाजिक संरचना हो र यसको सम्बन्ध,मूल्य मान्यता रीतिरिवाज सँग हुन्छ । प्राकृतिक लिङ्ग अथवा जैविकीय परिभाषा कहिले पनि परिवर्तन हुदैन । जेण्डर संस्कृति र समयको साथ परिवर्तन हुन सक्छ । प्राकृतिक लिङ्गको सम्बन्ध प्रकृति सँग हुन्छ (भासीन, २०६१) ।

केही समय देखि सामाजिक वैज्ञानिकका लागि क्रमश लिङ्ग र जेण्डर छुट्याउन सामान्य भएको छ । लिङ्गलाई पुरुष र महिला बीचको जैविक भिन्नताको रुपमा परिभाषित गरिन्छ भन्ने जेण्डरलाई महिला र पुरुष बीचको फरक व्यवहारको रुपमा परिभाषित गरिन्छ, जहाँ संस्कारले प्रभाव पारेको हुन्छ, तर यो महिलाको व्यवहारको मात्र भिन्नता होइन (सियन, १९८४) ।

लैङ्गिक भुमिकाहरु समाजमा सिकिएका व्यवहार हुन । जसले ती क्रियाकलाप काम र जिम्मेवारीहरुलाई सही अवस्थामा ल्याउँछ यसलाई नै नारीत्व पुरुषत्व भनिन्छ । लैङ्गिक भुमिकाहरुले पुरुष र महिला बीचको सामाजिक र साँस्कृतिक भिन्नताबाट सूरु हुन्छ । यसले श्रमको भिन्न्तालाई प्रोत्साहित गर्छ, जसले हालमा शक्ति सम्बन्धलाई अझ बलियो बनाउँछ (अर्याल, २०६२)।

समाजको विकासको जन्म सँग लैङ्गिक समानताको स्तर पनि बढ्दै गएको देखिन्छ । वर्तमान समयमा विश्वभर नै लैङ्गिक आधारमा महिला र पुरुषको भेदभाव गरिनुहुन्न भन्ने अवधारणको विकास भएको छ, तर पनि पुरुषको तुलनामा महिलाको हरेक क्षेत्रमा पहुँच न्यून देखिन्छ र महिलाहरु अवसहरुबाट बञ्चित बनिरहेका छन् (आचार्य, २०६०) ।

### २.२.२लैङ्गिक भूमिका र विभेद

अहिलेको आधुनिक समाजमा आत्म सम्मानलाई कायम राख्न जागिरे हुनु महत्वपूर्ण मानिन्छ । पुरुष सरहको औपचारिक समानता भए पनि महिलाले अझै सम्म श्रम बजारमा थुप्रै विभेदको अनुभव गर्दछन् । यस विद्यामा हामीले काममा महिलाका मुख्य विभेद मध्ये तिनलाई हेर्नेछौं पेशागत भिन्नता, अंशिक रोजगारीमा र तलबका अन्तर (गिडन्स २००१) ।

पेशागत लैङ्गिक विभेदले महिला र पुरुष छुट्टाछुट्टै प्रकारका पेशामा केन्द्रित हुन्छन् भन्ने देखाउँछ र यस विचारका आधारमा कामलाई महिला र पुरुषका रुपमा छुट्टाछुट्टै हेरिन्छ । महिला ठुलो हिस्सा आंशिक रोजगारीमा केन्द्रित रहेको विद्यमान अवस्थामा पनि घर बाहिर काम काज गर्ने महिलाको संख्या बढ्दै गइरहेको छ । घरको जिम्मेवारी र कामलाई सन्तुलन राख्न महिला आंशिक काममा रुचि राख्छन् । अहिले सम्म आंशिक कार्यमा न्यून तलब कामको असुरक्षा र स्तरोन्नतिका लागि अवसर सीमित हुने जस्ता अवस्थाहरु विद्यमान छन् ।

समान कामका लागि समान ज्याला असंगठीत क्षेत्रका रोजगारीमा लाग्नु भएको छैन । महिलाहरु नियमित रुपमा पाउने पारिवारिक तथा तोकिएको अन्य सुविधाहरु पाउन बञ्चित नै रहन्छन् ( इन्सेक, १९९६) ।

### २.२.३ महिला र लैङ्गिक विकास

लैङ्गिक विकासलाई जोड दिदै स्रोत र अवसरहरु मार्फत महिलाको अधिकार सशक्तिकरण समान ज्याला तथा निर्णय प्रक्रियामा उल्लेखीय भुमिकाका बारेमा पनि लैङ्गिक विकासमा जोड दिएको पाईन्छ । "आर्थिक विकासमा महिलाको भुमिका" नामक पुस्तक प्रकाशन भएपछि विकासमा महिला अवधाराणा (वीड) ले मान्यता प्राप्त गर्‍यो । विकासको प्रक्रियामा माथिबाट तल जाने रणनीति अपनाएकाले समाजमा सन्तुलित विकास हुन सकेन । त्यस्तैले विकासलाई पुरुषको आँखाबाट पनि विश्लेषण गर्नुपर्ने कुरालाई जोड दिइयो (मोस्से, १९९३) । वीड अवधारणाले पुँजीबादी आर्थिक प्रक्रिया र आधुनिकरण रुपमा प्रस्तुत गर्दछ । उदारवादी वीडको विश्वास अनियन्त्रित पूँजीवाँद तथा बजार केन्द्रित आर्थीक वृद्धिमा रहेको छ (तामाङ्ग, २००४) ।

आधुनिकीकरणको सिद्धान्तमा आधारीत विकासको रणनीतिले अविकसीत राष्ट्रहरुको स्थिति झनै दयनीय बन्दै गइरहेको पृष्ठभूमिमा परनिर्भरताको सिद्धान्तमा आधारित भई महिला र विकास अवधारणा (वाड) अगाडी बढेको पाइन्छ । यस अवधारणाले महिला केन्द्रित विकास मात्रै भन्दा पनि विकासमा पुरुष सरह महिलाको सहभागिता हुनुपर्नेमा जोड दिन्छ ।

त्यसपछि विकास भएको जेण्डर र विकास अवधारणा (ग्याड) ले महिला हक, हित र अधिकार सम्बन्धि कानून, ऐन, नियममा सुधार गर्नुपर्ने, महिलाका सहभागिता वृद्धि गर्नुपर्ने साथै सामाजिक आन्दोलनलाई शसक्त रुपमा अघि बढाउनुपर्नेमा जोड दिन्छ । समग्रमा दिगो, क्षमतामूलक र सहभागितामूलक विकासलाई यस अवधारणाले जोड दिन्छ (अर्याल, २०६२) ।

### २.२.४महिला सशक्तिकरण

सामान्यतया महिलाहरु व्यक्तिगत रुपबाट होस् वा सामूहिक रुपबाट तथा आफ्नो स्वविवेकले होस उनीहरु आफ्ना दैनिक क्रियाकलापहरु देखी लिएर कुनै पनि चेतनामूलक, सृजनशिल र आयमुलक कार्यहरुमा अग्रसर भई सशक्त बन्नु वा प्रेरित गरिनुलाई सशक्तिकरणका रुपमा लिइन्छ । महिला सशक्तिकरण कुनै पनि समुदायको विकासको महत्वपूर्ण पक्ष मानिन्छ ।

### महिला सशक्तिकरण सम्बन्धी कार्यक्रमहरु

यस अन्तरगत नीतिगत तथा कानूनी सूधार कार्यक्रम, क्षेत्रगत निकाय तथा लैङ्गिक क्षेत्रमा कार्यरत गैर सरकारी संस्था संयोजक नेतृत्व विकास कार्यक्रम, द्धोन्द्ध समाधान तथा सान्ति प्रक्रियामा महिला सहभागिता, द्वन्द्ध प्रभावित महिलाको सामाजिक पुर्नस्थापनाका लागि राष्ट्रिय कार्ययोजना तर्जुमा र

सञ्चालन, द्वन्द्व पिडित महिलाको संवेगात्मक पिडा रुपान्तरणका लागि मनोविमर्श सेवा तथा कानूनी साहायता लगायतका कार्यक्रमहरुः

- महिला विकास कार्यक्रम : यस अन्तरगत संयोजन, सचेतना तथा अधिवाच, घर विकास कार्यक्रम, सामुदायिक विकास कार्यक्रम, लक्षित समूदायको सामाजिक समावेसिकरण तथा आर्थिक सशक्तिकरण समेतका कार्यक्रमहरु पर्दछन् ।
- लैङ्गिक समानता तथा महिला सशक्तिकरण कार्यक्रम : महिला विकास कार्यलयहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम, लक्षित समुदायको कानूनी, आर्थिक तथा सामाजिक सचेतना कार्यक्रम, लक्षित समूहको आर्थिक सशक्तिकरण जस्ता कार्यक्रमहरु ( नि.से.ऐ,२०४९) ।

### २.२.५ शिक्षक सेवा र महिला

शिक्षा मन्त्रालय मार्फत सञ्चालित नीति योजना र कार्यक्रमहरुलाई देश व्यापिरुपमा प्रभावकारी ढङगबाट कार्यन्वयन र अनुगमन गर्ने निकायका रुपमा वि.स. २०५६ सालमा राष्ट्रिय शिक्षक सेवा आयोगको नामबाट स्थापित यस आयोग शिक्षा ऐन २०२८ को सातौं संशोधन २०५८ बाट शिक्षक सेवा आयोग नामाकरण भएको हो ।

यो नेपाल सरकार अन्तरगत शिक्षा मन्त्रालय सँग सम्बन्धीत स्वयात्त निकाय हो । शिक्षा ऐनमा भएको सातौं संशोधनबाट आयोगमा १ अध्यक्ष र २ जना सदस्य गरी ३ सदस्यीय आयोग गठन हुने प्रवधान छ । शिक्षक सेवा भनेको स्थिायी तलवी एवम सक्षम तथा सिपयुक्त कर्मचारीहरुको व्यवसायीक समूह हो । यस किसिमको सेवा शिक्षणहरु स्वतन्त्र निकाय हो ।

नेपालमा महिला शिक्षाको सुरुवात गंगा वाई बाट विर शंसेरको पालामा भएको थियो । वि.स. २०२७ मा युनिसेफले “शिक्षामा महिलाहरुका लागि समान अवसर कार्यक्रम” सुरुवात गरेको थियो । वि.स.२०४९ सालमा महिला शिक्षाको विकास विस्तारका लागि शिक्षा मन्त्रालयमा महिला शिक्षा साखाको स्थापना भएको थियो ।

शिक्षा क्षेत्रमा महिलाको सहभागिता वृद्धि गर्नको लागि उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले महिला शिक्षा सम्बन्धमा पेस गरेका सुझावहरुमा प्रत्येक पूर्व प्राथमिक, प्राथमिक र माध्यमिक विद्यालयमा अनिर्वाय महिला शिक्षण राख्नु पर्दछ भन्ने प्रावधान राखेको छ । साथै उच्च माध्यमिक र उच्च शिक्षामा महिला शिक्षिकालाई प्राथमिकता दिनु पर्ने । महिला

शिक्षकालाई घरपायक हुने गरी नियुक्ति र सरुवा गरिनु पर्ने र प्रविधिक व्यवसायिक तालिमहरु महिलाका निम्ति सुहाँउदिला बनाइ भर्ना सुनिश्चित गर्नु पर्ने र गाविस र नगरपालिकामा छात्रा शिक्षाको कोष खडा गरिनु पर्ने प्रावधान राखेको छ (प्रतिवेदन,२०५५) । शिक्षक सेवा आयोग नियमावली २०५७ को पाँचौं संशोधनबाट महिलाहरुलाई खुला प्रतियोगिताबाट पुर्ति गरिने स्थायि शिक्षकको पदका लागि छुट्यइएको समावेशी पदको ३३ प्रतिशत पदमा महिलाहरुको आरक्षणको व्यवस्था जसमा महिलाको लागि छुट्यायिएका पदको ३ प्रतिशत स्थानमा दलित महिला र २ प्रतिशत स्थानमा मुस्लिम महिलाको लागि छुट्याउनु पर्ने व्यवस्था गरिएको छ (नियमावली,२०५७) ।

## २.२ सम्बन्धीत साहित्यको पुनरावलोकन :

नेपालको संविधान २०७२ लाई उद्धित गर्दै संविधानको भाग ३ (मौलिक हक र कर्तव्य) को धारा ३८ मा महिलाको हकको व्यवस्था छ ।जसमा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना सामन वंशीय हक हुने । प्रत्यक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक हुने । महिला विरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा प्रचलन वा अन्य कुनै आधारमा शारीरिक मानसिक योन जन्य मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसा जन्य कार्य वा शोषण गर्न नपाइने । राज्यको सवै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने । सम्पति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुने व्यवस्था गरिएको छ (नेपाल संविधान २०७२) ।
पन्द्रौं योजना अनुसार(आवधिक योजना)२०७६/०७७ -२०८०/०८१ ) मा

सोच : लैङ्गिक समानतामुलक राष्ट्र बनाउने ।

लक्ष्य : महिलाको समान तथा अर्थपुर्ण सहभागिता सहित आधारभूत समानता कायम गर्ने ।

उद्देश्यहरु तीन वटा रहेका छन । जुन यस प्रकार छन :

१) लैंङ्गिक उतरदायि सासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जिवनयापनको वातावरण सुनिश्चित गर्नु ।
२) महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव हिंसा शोषणको अन्त्य गर्न
३) आर्थिक संवृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता नेतृत्वदायि भूमिका स्थापित गर्दै स्रोत साधन अवसर तथा काममा महिलाको समान पहुँच सुनिश्चित गर्न ।

sara longueलाई उद्धित गर्दै महिला सशक्तिकरण भन्नाले विकास कार्यक्रमहरुमा पुरुषले सरह महिलाले समान हेसियत र सहभागिता हुन पाउनुको साथै स्रोत र साधनमा समान नियन्त्रण र प्रतिफल प्राप्त गर्नु हो ।

virgina wolf लाई उद्धित गर्दै समाजमा दवियर शोषण एवम सिमातकृत रुपमा रहेका सम्पूर्ण महिला वर्गको हक अधिकार, स्वतन्त्रता, समानता जस्ता पक्षहरुमा जोड दिदै समाजमा महिलालाई पुरुष सरहनै हरेक पक्षहरुमा अवसर र समनाताको दृष्टिबाट हेर्नु पर्दछ भन्ने सिद्धान्त नै महिलाबाद हो ।

अर्न्तराष्ट्रिय सन्दर्भ मध्ये तथा पुर्वी युरोप र ल्याटिन अमेरिका तथा क्यारेवियन देशहरु जस्तै वोत्सनीय हर्जगोभिनामा पनि छात्रा शिक्षा (Girls Education) एउटा लुक्त समस्यको रुपमा देखाइएको छ । छात्राहरुको राम्रो उपस्थिति तथा भर्नादर भएपनि ठुलो सङ्ख्यामा विद्यालय छान्ने दरले विरकाल समस्या देखाइएको छ । प्राथमिक तहदेखी माध्यमिक तहसम्म भर्नादर घट्ने जव भर्नादरलाई प्राथमिकता दिइएको छ, त्यहाँ प्रायः शैक्षिक गुणस्तरमा भिन्नता देखिएको छ । यसले विद्यालय पुरा गर्ने तथा शैक्षिक उपलब्धिमा महत्वपुर्ण भुमिका खेलेको छ र त्यहाँ प्राय छात्राछात्राको ठुलो भिन्नता देखिएको छ (Unicef 2007)।

नेपालको सार्वजानिक प्रशासनमा महिला सहभागिता हुन नसक्नुकाकारण सामाजिक र सास्कृतिक बिभेद, शिक्षामा कमी, महिला पहुँच र चेतनाको अभाव रहेका छन् । सहभागिता अभिवृद्धिका लागि विद्यमान कानुन अन्तराष्ट्रिय मापदण्ड अनुसार सुधार गर्नु पर्ने महिला हक हित तथा मानव अधिाकार सम्बन्धी कानुनलाई दृढ र प्रभावकारी बनाउनुपर्ने, शिक्षा स्वास्थ्य, रोजगारीका क्षेत्रमा शसक्तिकरण गर्नुपर्ने हुन्छ (पाण्डे २०६५) ।

नेपालनको संविधान २०६२ भाग ३ को धारा ३८ मा महिला संबन्धी निम्न हकहरु समावेश गरिएको छ ।

१) प्रत्येक महिलालाई लैगिंक भेदभावविना समान वंशीय हक हुने छ ।

२) प्रत्येक महिलालाई सुरक्षीत मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।

३) महिला विरुद्ध धार्मिक सामाजिक सास्कृतिक परम्परा प्रचलन वा अन्य कुनै आधारमा शारिरीक मानसीक यौनजन्य मनोवैत्रानिक वा अन्य कुनै किसीमको हिंसाजन्य कार्य वा सोशण गरिने छैन । त्यस्तो गरेमा कानुन बमोजिम दण्डनिय हुनेछ र पिडितलाई कानुन बमोजिम क्षतिपुर्ती पाउने हक हुनेछ ।

४) राज्यको सबै निकायमा महिलालाई समानता दिई समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हक हुनेछ ।

५) महिलालाई शिक्षा स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा अवसर प्राप्त हुने हक हुनेछ ।

६) सम्पति तथा पारिवारिक मामेलामा दम्पतिको समान हक हुनेछ ।

## २.३ सम्बन्धीत साहित्यको समिक्षा

अभिभावक, समुदाय, शिक्षक सवैले प्राथमिक विद्यालयमा महिला शिक्षाको प्रभावकारीताको वारेमा जोड दिएका छन । महिला शिक्षिकाहरु भएको विद्यालयमा बालबालिकाहरुले आफुलाई बढी सुरक्षित महसुस गर्ने तथा अभिभावकहरु पनि महिला शिक्षिकाहरु भएको विद्यालयमा छोरीहरुलाई पढाउन ढुक्क हुने उल्लेख गरिएको छ । विद्यालयमा महिला शिक्षिकाको शिक्षण क्रियाकलापले समूदायमा अरु महिला र बालबालिकामा पनि सकरात्मक प्रभाव पार्ने उल्लेख गरिएको छ (सेरिड, २००६) ।

"प्राथमिक विद्यालय व्यवस्थापनमा महिला प्रधानाध्यापको भूमिका" शिर्षकमा गरिएको अध्ययनमा प्राथमिक विद्यालयको शैक्षिक व्यवस्थापनमा महिला प्र.अ.को भुमिकाको बारेमा सैद्धान्तिक खाका प्रस्तुत गरिएको छ । सोध पत्रको अन्त्यमा प्र.अ. पदलाई छुट्टै प्रशासनिक पदको रुपमा स्थापित गर्ने तथा जिल्ला शिक्षा कार्यलय एवम स्रोत केन्द्र सुपरिपेक्षण कार्यलाई नियमितता दिने, प्रध्यानाध्यापकले कक्षा अवलोकन गर्ने, विद्यालयमा हुने लैङ्गिक एवम जातिय भेदभाव कम गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने र समावेसिकरणको नीति अवलम्बन गर्नु पर्ने जस्ता सुझाव पेस गरेकोले विद्यालयमा बालमैत्री वातावरण बनाउदै व्यवस्थापन गर्न समेत आवश्यक मदत पुग्ने निष्कर्ष निकालिएको छ (सापकोटा, २०६८) ।

"छात्रा सहभागितामा महिला शिक्षिकाको भूमिका" शिर्षकमा गरिएको अध्ययनमा विद्यालयमा छात्रा सहभागिहरुको अवस्थाको खोजि गरि महिला शिक्षिकाको कारणले छात्रा सहभागितामा परेका सकरात्मक प्रभाव साथै अतिरिक्त क्रियाकलापमा छात्राहरुको सहभागिता बढाउन महिला शिक्षिकाको ठुलो हात रहेको बताइएको छ । महिला शिक्षणले अभिभावहरुसँग छात्राहरुको राम्रा नराम्रा सवै क्रियाकलापको बारेमा बताउने गरेको पाइएको छ । यस अध्ययनसँग सम्बन्धीत व्यक्तिहरुसँगको छलफलबाट विद्यालयमा महिला शिक्षिकाको उपस्थिति बढाउन सकेको खण्डमा छात्रा सहभागिता बढ्ने भएकाले उनिहरुको उपस्थिति बढाउनु पर्ने निष्कर्ष निकालिएको छ (ढुङगाना, २०६९) ।

"सामुदायिक विद्यालय व्यवस्थापनमा महिला सहभागिता" शिर्षकमागरिएको अध्ययनमा विद्यालय व्यवस्थापनमा महिला सहभागिताको अवस्था पहिचान र विद्यालय व्यवस्थापनमा महिला सहभागिताको प्रभावको विश्लेषण गरिएको छ । यस अध्ययनबाट सामुदायिक विद्यालय व्यवस्थापनमा महिला सहभागिता वृद्धि गर्न र सक्रियता बढाउन नियम र कार्यक्रमलाई अगाडी बढाउनुपर्ने महिलालाई शिक्षित बनाउनुपर्ने सामाजिक र रुढिवादी परम्परा अन्त्य गरिनुपर्ने रोजगार

मुलक कार्यक्रम सञ्चालन गरी महिलाको आयआर्जनमा वृद्धि गरिनुपर्ने प्रत्येक संघसस्थाहरुको व्यवस्थापन क्षमतामा लैङ्गिक विभेदको अन्त्य गरी समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको लागु गर्नुपर्ने निचोड सहित यो अनुसन्धानलाई उद्देश्यमुलक बनाइएको छ (अर्याल, २०६६) ।

"निजामती सेवामा महिला सहभागिता र सशक्तिकरण" शिर्षकमा गरिएको अध्ययनमा नेपाली समाजका सामाजिक आर्थिक राजनैतिक, शैक्षिक लगायतका क्षेत्रमा महिला हैसियत न्यून रहेको साथै परम्परतगत मूल्य मान्यता रुढीवादी, सँस्कार र अशिक्षा र गरिविका कारणले लैंङ्गिक विभेद कायम हुन पुगेको बताइएको छ । यिनै समस्या नेपाली समाजमा जोडिएकाले महिला सशक्तिकरण तथा लैंङ्गिक समस्यालाई सम्बोधन गरि विकासको मुल प्रवाहमा ल्याउन सकिएको छैन भन्ने कुरा बताइएको छ । देशको हरेक क्षेत्रमा महिला सहभागिता गराउन सके देश विकास गराउनुको साथै लैंङ्गिक विभेदको पनि अन्त्य हुने कुरा उल्लेख गरिएको छ (शर्मा, २०६८) ।

"विद्यालय व्यवस्थापनमा महिला सहभागिता" शिर्षकमा गरिएको अध्ययनमा समाजमा रहेका हरेक तहका व्याक्तिहरु शिक्षामा समान सहभागिता कायम गराउन र समाजलाई अगाडि बढाउन महिला र पुरुष समान रुपमा सहभागिता भएमा शिक्षामा दक्षता अभिवृद्धि गराउन सकिने र सिकाइ मैत्री, छात्र मैत्री, बनाउनका लागि र विद्यालयका हरेक क्षेत्रमा महिला सहभागि गराउन सके शैक्षिक सुधार गर्न सकिने र शिक्षा गुणस्तरयुक्त हुने कुरा उल्लेख गरिएको छ (पराजुली, २०७२) ।

"सुर्खेत जिल्लामा महिलाको शैक्षिक अवस्था" शीर्षक गरिएको अध्ययनमा विद्यालयमा विद्यालय शिक्षामा छात्राहरुको परीक्षाको प्राप्ताङ्क कम छात्राहरुको उतीर्ण दर पनि न्युन रहेको तथ्यले देखाएको छ । उक्त अध्ययनमा महिला शिक्षणको प्रमुख वादकको रुपमा अर्थिक समस्या चेतनाको कमी, साथै परम्परागत सस्कृति पनि रहेको कुरा प्रस्ट पारिएको छ । ती समस्या समाधानका उपायहरुको लागि महिलाका लागि निशुल्क शिक्षा हुनुपर्ने, निश्चित तहसम्मको शिक्षा अनिवार्य र सर्वसुलभ हुनुपर्ने, महिलालाई राष्ट्र निर्माणको मुलधारमा समाहित गर्नका लागि सरकारी तथा अन्य सेवाहरुमा निश्चित कोटा आरक्षण गरिनुपर्ने र महिला शिक्षाका बारेमा व्यापक जनचेतना फैलाउनु पर्ने कुरा उल्लेख गरिएको छ , उनले आफ्नो अध्ययनको निस्कर्षमा गाउँलाइ हेरेर शिक्षा निति बनाउनुपर्ने, समाजको जिम्मा शिक्षालाई सुम्पिनु पर्ने, महिलाहरुको शैक्षिक अवस्था सुधार गर्नका लागि छात्राहरुलाई निशुल्क पढ्ने व्यवस्था तथा विभिन्न पेशाको आरक्षणको लागि सरकारी नीति नियम साथै जनचेतना सुधार ल्याउनु पर्ने कुरा उल्लेख गरिएको छ (सापकोटा, २०६०) ।

# परिच्छेद-तीन
# अनुसन्धान विधि

यस अध्यायमा तथ्याङ्क अन्तर्गत अध्ययनमा प्रयोग गरिएका विधिहरुको बारेमा चर्चा गरिएको छ । अध्ययनको दौरानमा संख्यात्मक एवा गुणात्मक तथ्याङ्क एवम सूचना संकलन गर्न विभिन्न विधिहरु अपनाइएको छ । यस अध्यायमा शोध पत्रको अध्ययन क्षेत्र छनोटको औचित्य, प्रकृति र स्रोतहरु तथ्याङ्क संकलन विधि तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरणका विधिलाई समेटिएको छ ।

**३.१ अध्ययनको क्षेत्र छनौटको औचित्य**

पोखरा प्राकृतिक रुपमा भरीपूर्ण एतिहासिक, भौगोलिक, साँस्कृतिक एवम जातीय विविधाताले बोकेको शहरको रुपमा लिइन्छ । पोखरालाई राजधानी पछिको अवसरको शहरको रुपमा लिइन्छ । त्यसमा पनि रोजगारीका विभिन्न अवसरहरु प्राप्त गर्न सकिन्छ, पोखरामा विशेषत : शिक्षण सेवामा रहेका पोखरा महानगरपालिका भित्रका वडा नं.१ र २ का विभिन्न सामुदायिक विद्यालयहरुमा कार्यरत महिलाहरुको शिक्षण सेवामा सहभागिता र सशक्तिकरण अध्ययनका लागि पोखरालाई छनोट गरिएको छ । पोखरा महानगर पालिकालाई नै अध्ययन क्षेत्र छनौट गर्नु पछाडि हाल सम्म पोखरा महानगरपालिका वडा नं. १ र २ मा कार्यरत  महिलाहरुको अध्ययन अनुसन्धान हुन नसकेकाले र अनुसन्धानकर्ताको यस क्षेत्र अध्ययन तीब्र चाहाना एवम अभिरुचि हुनुको साथै यस क्षेत्रमा रहेका महिला शिक्षणको आर्थिक सामाजिक अवस्थाको वास्तविक सत्य तथ्य वाहिर ल्याउने र समग्र राष्ट्रको अध्ययनमा सामान्यीकरण ल्याउन सकिने आशा गरी यो क्षेत्र छनोट गरिएको छ ।

**३.२ अनुसन्धान ढाँचा**

यस अनुसन्धानको उद्देश्य, प्राप्त गर्नका लागि वर्णनात्मक एवम अन्वेषणात्मक अनुसन्धान ढाँचा प्रयोगमा ल्याइएको छ । शिक्षण सेवामा प्रवेश गरेका महिलाहरुको सामाजिक आर्थिक, शैक्षिक अवस्था उमेर, पारिवारिक संरचना आदिको वारेमा वणनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । त्यसै गरी शिक्षण सेवामा महिलाले भोगेका समस्या, चुनौती, अवसर तथा महिला सशक्तिकरणका विविध पक्षको अनुसन्धान गर्न अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

### ३.३ समग्र तथा नमुना छनोट

पोखरा महानगरपालिकाको वडा नं. १ र २ मा रहेका ५ ओटा सामुदायिक विद्यालयमा कार्यरत ३९ जना महिला शिक्षिकाहरु नै मेरो अध्ययनको उत्तरदाताहरु रहनेछन् ।यसलाई निम्न तालिकाअनुसार प्रस्तुत गरिएको छ ।

| क्र.स | विद्यालयको नाम | महिला शिक्षणको सङख्या | पुरुषको सङख्या |
|---|---|---|---|
| १ | राष्ट्रिय मा.वि | १५ | १३ |
| २ | सस्कृत मा.वि | ५ | १२ |
| ३ | रत्न आ.वि | ८ | २ |
| ४ | विन्ध्यावासिनी गुरुकुल | - | ६ |
| ५ | विन्ध्यावासिनी मा.वि | ११ | १२ |
| | जम्मा | ३९ | ४५ |

माथिका यी सम्पुर्ण शिक्षण सेवामा कार्यरत महिला शिक्षिकाहरु ३९ जना महिलालाई नमुना छनोट प्रक्रियाद्धारा उत्तरदाताको रुपमा लिएको छ ।

### ३.४ तथ्याङ्कको प्रकृति र स्रोतहरु :

अध्ययन अनुसन्धानमा तथ्याङ्कलाई सङकलन गर्ने कार्यलाई महत्वका साथ लिने गरिन्छ । अध्ययनको निष्कर्षमा पुग्नका लागि संकलित तथ्याङ्कहरु सत्य र विश्वसनीय हुनु आवश्यक छ । अनुसन्धान प्रकृतिको आधारमा प्राथमिक तथा द्धितिय स्रोतहरुबाट तथ्यांक हरु संकलन गर्ने गरिन्छ । यस अनुसन्धानमा पनि अध्ययनको आवश्यकता अनुरुप दुवै प्राथमिक तथा द्धितिय स्रोतहरु तथ्य संकलन गरिएको छ तापनि प्राथमिक स्रोतलाई बढी जोड दिइएको छ । प्राथमिक स्रोतबाट तथ्यांक संकलन गर्दा गुणात्मक र सख्यात्मक दुवै किसिमका तथ्याङ्कहरु संकलन गरिएको छ । यसमा पनि गुणात्मक तथ्याङ्कलाई विशेष प्राथमिकता दिएको छ र आवश्यकता अनुसार संख्यात्मक तथ्याङ्क पनि संकलन गरिएको छ । प्राथमिक तथ्याङ्क संकलनका लागि अध्ययन क्षेत्रमा स्रोतकर्ताले अर्न्तवार्ता अनुसुची प्रत्यक्ष अवलोकन प्रत्यक्ष मौखिक अर्न्तवार्ता वैयक्तिक अध्ययन जस्ता विधि तथा तरीका अपनाइएको छ । त्यस्तै द्धितिय तथ्याङ्क र सुचनाहर संकलन गर्न विभिन्न लेख रचना, समीक्षा, प्रकाशन, पत्रपत्रिका, वेवसाइट, प्रकाशित एवं अप्रकाशित स्रोतहरु तथा अन्य सम्बन्धित साहित्को सहयोग लिइएको छ ।

### ३.५ प्राथमिक तथ्याङ्क सङ्कलन विधि

अध्ययनको उद्देश्य एवम तथ्याङ्कको प्रकृती अनुसार समय, स्रोत र साधनलाई मध्यनजर गर्दै सही परीणाम र निष्कर्ष निकाल्न विश्वासनीय तथ्याङ्क तथा सूचना सङ्कलनमा विशेष जोड दिइने छ ।

### ३.५.१ अन्तर्वार्ता अनुसूची

यस अध्ययनको क्रममा प्राथमिक तथ्याङ्क सङ्कलनका लागि अन्तर्वाता अनुसूची नै महत्वपूर्ण विधिका रुपमा लिइएको छ । शिक्षण सेवामा महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक अवस्था र सशक्तिकरणका समस्या र चुनौतीहरुलाई अन्तर्वाता अनुसूची मार्फत जानकारी लिएको छ । अध्ययनमा खुला र बन्द प्रकृतिका प्रश्नहरुको प्रयोग गरिएको छ ।

### ३.५.२ अवलोकन विधि

छनौटमा परेकाशिक्षण सेवामा कार्यरत महिलाहरुको वास्तविकता पहिचान गर्न तथा अध्ययनका लागि सम्रग सुचना प्राप्त गर्न एवं अध्ययन क्षेत्रका महिलाको हरेक क्रियाकलापहरुको अध्ययन गर्न अवलोकन विधि प्रयोग गरिएको छ । अवलोकन क्रममा महिलाको धारणा बुझि अभिलेखको रुपमा समेत राखिएको छ ।

### ३.५.३वैयक्तिक अध्ययन

शिक्षण सेवामा सक्रिय रुपमा कार्यरत महिलाहरुको विभिन्न पक्षको विस्तृत रुपमा अध्ययन गरिनेछ । गुणात्मक जानकारी प्राप्त गर्नका लागि बैयक्तिक अध्ययनलाई प्रमुखताका साथ प्राथमिक तथ्यांक संकलनको महत्वपुर्ण विधिका रुपमा लिएको छ । अध्ययन उद्देश्य प्राप्तीका लागि शिक्षा सेवामा कार्यरत ४ जना महिलाहरुको वैयक्तिक अध्ययन गरिएको छ ।

### ३.६ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

सङ्कलित तथ्याङ्कहरुलाई विश्लेषण गरेपछिमात्र अध्ययनको वास्तविकता प्राप्त हुने भएकाले अनुसन्धानमा विश्लेषण पक्षको विशेष महत्व रहन्छ । यस अनुसन्धान बाट प्राप्त भएका तथ्याङ्कहरुलाई सम्पादन गरी साङ्केतिकिकरण, वर्गीकरण र तालिकीकरणपश्चात् एस.पी.एस.एस कम्प्युटर प्रोग्राम प्रयोग गरिएको छ । यस्ता तथ्याङ्कलाई आवश्यकताअनुरुप वर्णानात्मक शैली साथै विभिन्न, तालिका, बार ग्राफ, वृत्तचित्रबाट प्रस्तुत गरिएको छ ।

# परिच्छेद- चार

# शिक्षण सेवामाकार्यरत महिलाहरुको सामाजिक, आर्थीक तथा जनसाङ्खिकी पृष्ठभूमि

यस अध्याय अर्न्तगत शिक्षणसेवामा कार्यरत उत्तरदाता महिलाहरुको सामाजिक आर्थिक एवम् जनसाङ्ख्यिक अवस्थाको बारेमा चर्चा गरिएको छ । अध्ययन क्षेत्रको भौगोलिक अवस्थिति, हावापानी, उत्तरदाताको जात, धर्म, वैवाहिक स्थिति, उमेर, परिवारको प्रकार मासिक आम्दानी आदिको बारेमा उल्लेख गरिएको छ । अध्यायको शुरुवातमा अध्ययन क्षेत्रको भौगोलिक अवस्थिति प्रस्तुत गरिएको छ ।

## ४.१ अध्ययनको क्षेत्रको भौगोलिक अवस्थिति

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने गण्डकी अञ्चलको कास्की जिल्लामा पोखरा महानगरपालिका पर्दछ । पोखराको पूर्व दिशामा लमजुङ् र तनहूँ, पश्चिममा स्याङ्जा र पर्वत, उत्तरमा मनाङ र म्याग्दी तथा दक्षिणमा स्याङ्जा र तनहूँ, जिल्लाहरु पर्दछन् । नेपालको राजधानी काठमाडौँबाट करीब २०० कि.मी को दुरीमा रहेको पोखरा प्राकृतिक एवं सांस्कृतिक रुपले धनी भएकाले आकर्षक पर्यटकीय गन्तव्यस्थल पनि हो । ५४.४८ वर्ग किलोमिटरको क्षेत्रफलमा फैलिएको पोखरा समुद्री सतहबाट करीब ७५० मिटरको उचाइमा रहेको छ (निरौला, २०६२) ।

राजधानीपछिकै चर्चित शहर त्यसमा पनि पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम भएर पनि पोखरामा अधिकांश सरकारी विद्यालयहरु अवस्थित छन् । त्यसमा पनि अन्य ठाउँको तुलनामा पोखराका सरकारी विद्यालयहरु महिलाको सहभागिता रहको छ ।

### ४.१.१ हावापानी

पोखराको हावापानी समशीतोष्ण प्रकारको छ । यहाँ गर्मीमा त्यति गर्मी हुँदैन भने जाडो मोसममा पनि त्यति साह्रै जाडो हुँदैन, जसले गर्दा यहाँको हावापानी मानवजीवनका लागि उत्कृष्ट किसिमको छ । यसै पनि पोखरा नेपालकै सवैभन्दा बढी वर्षा हुने ठाउँ हो । यहाँको वार्षिक वर्षा सरदर ३०० से.मी. देखि ४५० से.मि. सम्म हुने गर्छ । यहाँको बार्षिक तापक्रम ५ डिग्री ३६ डिग्री सेल्सियससम्म पुग्ने गर्छ (शर्मा, २०६८) ।

### ४.१.२ पोखरा महानगरपालिकाका वडा नं. १ र २ मा रहेका सामुदायिक विद्यालयको संरचनाजिल्ला स्थित सरकारी विद्यालयहरु

| क.स | विवरण |
|---|---|
| १ | राष्ट्रिय मा.वि |
| २ | संस्कृत मा.वि |
| ३ | रत्ना आ.वि |
| ४ | विन्ध्यावासिनी गुरुकुल |
| ५ | विन्ध्यावासिनी |

### ४.२ धर्म- संस्कृति एवम् जात जातियता

पोखरा प्राकृतिक, धार्मिक, सांस्कृतिक एवं जातीयताको दृष्टिकोणले विविधता बोकेको शहर हो । विशेषतः पोखरामा ब्राम्हण, क्षेत्री, नेवार, गुरुङ, मगर, तामाङ, दमाई, कामी, सार्की, मुसलमान, गाइने, थकाली, आदी जात जातिका मानिसहरु बसोवास गरेका छन् । पोखरामा विभिन्न जातिहरुको बसोबास भएको हुनाले यसलाई मेल्टिङ्ग पटको रुपमा पनि लिने गरिन्छ । यहाँ बसोबास गर्ने विभिन्न जाति विभिन्न किसिमका धर्म मान्ने गरेको पाइन्छ । मुख्यतया हिन्दू, बौद्ध, क्रिश्चियन र मुस्लिम धर्मालम्बीहरु रहेता पनि उनीहरुको बीचमा सहिष्णुताको भावना रहेको पाइन्छ । अर्कोतर्फ पोखरामा बोलिने प्रमुख भाषाहरुमा नेपाली, नेवारी, गुरुङ, थकाली, मगर, मुस्लिम, तामाङ आदी हुन् ।

पोखरामा विभिन्न जातजातिहरुले आ-आफ्नो जातियत झल्कने पोशाकहरु लगाउँछन् । आफ्नो धर्मसँग सम्बन्धित चाडपर्वहरु मनाउँछन् । तथापि पोखरामा रहेका हिन्दू तथा बौद्ध धर्मवलम्बीहरुले एक-अर्कोका चाडपर्व तथा धर्म पनि मान्ने गरेको पाइन्छ । पोखरामा मनाइने मुख्य चाडपर्वहरुमा नेपाली नयाँ वर्ष, जनै पुर्णिमा, तीज, कृष्ण जन्माष्टमी, दशै, तिहार, माघे संक्रान्ती, पञ्चमी, फागु पूर्णिमा, शिवरात्री आदि हुन् । त्यस्तै गरी यहाँ बसोबास गर्ने हन्य जातजातिहरुले आ-आफ्नै धर्म, सामाजिक-सांस्कृतिक मूख्य अनुसार विभिन्न विभिन्न चाडपर्वहरु मनाएको पाइन्छ । जस्तैः ल्होसार, छठ, रमजान, क्रिसमस, बुद्ध पूर्णिमा आदि । यहाँ स्थानीय स्तरमा बाह्र भैरव जात्रा, गाइजात्रा, लाखे जात्राहरु पनि निकाल्ने गरिन्छ ।


### ४.२.१ उत्तरदाताको धर्म

धर्मलाई मानवले अलौकिक शक्तिका रुपमा विश्वास गरेको पाइन्छ । धर्म मानव समाजको एक सार्वजनिक तथा सामुदायिक संस्था भएको हुँदा यसले मानव जीवनको विश्वास एवं क्रियाकलाप दुवैलाई निर्धारण गरेको हुन्छ । धर्मले मानव समाजको सामाजिक, राजनैतिक, आर्थीक जीवनलाई प्रभावित गर्दछ । नेपाल विभिन्न धर्मावलम्बीहरुको पवित्र बासस्थानको रुपमा रहेका छ ।

पोखरा महानगरपालिकाका सरकारी विद्यालयहरुमा कार्यरत शिक्षण महिलाहरुमध्ये उत्तरदाताको धर्मको सर्वेक्षण गर्दा शतप्रतिशत अर्थात ३९ जनामा ३९ जना नै हिन्दु धर्मालम्बी रहेको पाईयो । यस अर्थमा पनि यस क्षेत्रमा हिन्दु धर्मको बाहुल्य रहेको पाइयो ।

### ४.२.२ उत्तरदाताको जात/जातीयता

समाजमा जातिका आधारमा पेशा, सामाजिक सम्बन्ध, हैसियत र भूमिका निर्धारण रहेको पाइन्छ । उत्तरदाताहरुको जातको विवरणलाई निम्न बृत्तचित्रमा प्रस्तुत गरिएको छ ।




**चित्र. ४.१ उत्तरदाताको जातीयताको विवरण**

स्रोत : स्थलगत सर्वेक्षण, २०७७ ।

माथिको चित्रबाट के देखिन्छ भने ३९ जना उत्तरदाताहरुमध्ये ६७.१० प्रतिशत ब्राह्मण १५.३८ प्रतिशत क्षेत्री तथा ७ जना (१७.९४ प्रतिशत) अन्य जातका रहेको पाइयो । यसबाट ब्राह्मण परिवारका महिला अधिकतम रुपमा शिक्षण सेवामा कार्यरत रहेको देखिन्छ ।

### ४.३ उत्तरदाताको उमेर

उमेर जनसङ्ख्याको एक महत्वपुर्ण विशेषता हो । उमेरकै आधारमा सामाजिक हैसियत निर्धारण हुन्छ । व्यक्तिको कामगर्ने समय, कामको प्रकार तथा निर्णय प्रक्रियामा उमेरको प्रभाव परेको हुन्छ । उमेर जैविकीय आधारमा निर्धारण हुने हुँदा यो निश्चित प्रकारको हुन्छ । उमेरअनुसार नै आश्रित र कार्यवाहक गरी जनसङ्ख्यालाई विश्लेषण गरिन्छ । सामाजिक अधिकार, सामाजिक महत्व, सामाजिक दायित्व, कर्तव्य र भूमिका आदि सन्दर्भमा समाजमा उमेरले प्रत्यक्ष असर गरेको हुन्छ । उत्तरदाताहरुको उमेरको विवरणलाई निम्न तालिकामार्फत प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ : उत्तरदाताहरुको उमेरगत विवरण**

| उमेर समूह | उत्तरदाता सङ्ख्या | प्रतिशत % |
|---|---|---|
| २५-३० वर्ष | ३ | ७.६९% |
| ३०-३५ वर्ष | ६ | १५.३८% |
| ३५-४० वर्ष | ५ | १२.८२% |
| ४०-४५ वर्ष | १२ | ३०.७६% |
| ४५- ५० वर्ष | ५ | १२.८२% |
| ५०-५५ वर्ष | ८ | २०.५१% |
| जम्मा | ३९ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।

माथिको तालिकानुसार उत्तरदाता महिलाहरुमध्ये ५ जना महिला १५.३८ प्रतिशत महिलाहरु ३५ देखी ४० वर्ष उमेर समूहका रहेका छन् । त्यसै गरी १२ जना महिलाहरु ४०-४५ वर्षका रहेका र ६ जना महिलाहरु ३०-३५ वर्षका रहेको पाइयो । ३ जना महिलाहरु २५-३० र ८ जना ५०-५५ वर्षका रहेका छन् । यस अध्ययनको आधारमा सामाजिक रुपले परिपक्व भएपछि शिक्षण सेवामा कार्यरत रहेको संख्या बढी पाइयो ।

## ४.४ उत्तरदाताको परिवारको सङ्ख्या/ किसिम

परिवार सामाजिक संरचनाको महत्वपूर्ण संस्था हो । परिवार, विवाहबाट स्थापित निकै पुरानो आधारभूत सामाजिक संस्था हो । सामाजिक आवश्यकता पूरा गर्न तथा विकास प्रक्रिया तथा सामाजिकीकरणको प्रक्रियालाई हस्तान्तरण गर्ने उद्देश्यले दुइभन्दा बढी सदस्यहरुको अन्तरसम्बन्धित तथा अन्योन्याश्रित संस्था नै परिवाार हो । विशेष गरी नेपालमा एकल र संयुक्त दुई प्रकारका परिवारहरु पाइन्छन् । उत्तरदाताहरुको परिवारको किसिमतर्फ अध्ययन गर्दा ३९ जना महिलामध्ये ३५ जना एकल परिवार, ४ जना संयुक्त परिवारमा बस्दछन् । वर्तमान परिप्रेक्ष्यमा एकल परिवारमा बस्नका लागि बढी जोड दिइएको यस अध्ययनबाट पाइयो ।

त्यसै गरी परिवारमा बस्ने सदस्यहरुको सङख्याको आधारमा परिवारको आकारलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

**तालिका ४.२ उत्तरदाताको परिवारको सङ्ख्या**

| परिवारको सदस्य सङख्या | उत्तरदाता सङ्ख्या | प्रतिशत % |
|---|---|---|
| २ | १ | २.५७% |
| ३ | ३ | ७.६९% |
| ४ | २० | ५१.२८% |
| ५ | २ | ५.१२% |
| ६ | ३ | ७.६९% |
| ७ | २ | ५.१२% |
| ८ | २ | ५.१२% |
| ९ | २ | ५.१२% |
| १० | २ | ५.१२% |
| १४ | १ | २.५७% |
| १५ | १ | २.५६% |
| जम्मा | ३९ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

उपर्युक्त तालिकाअनुसार अधिकांश महिलाहरु ४ जना परिवार सङ्ख्या रहेको एकल परिवारमा बस्दछन् । जम्मा एक एक जनामात्र १४ र १५ जनाको परिवार सङख्यामा रहेको छन् । सो अनुसार धेरै परिवार सङख्यामा बस्नेको सङख्या अत्यन्त न्यून संयुक्त परिवारको प्रचलन करीब करीब हट्दै गइरहेको देखिन्छ ।

### ४.५ उत्तरदाताको शैक्षिक विवरण

शिक्षा एउटा यस्तो अस्त्र हो, जसले मानिसलाई सही वा गलत छुट्याउन सिकाउँछ । शिक्षाले मानिसलाई सही बाटोमा हिँडाई उचित निर्णय लिन पनि सिकाउँछ । अनुसन्धान कर्ताद्धारा गरिएको स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई उत्तरदाताको शैक्षिक विवरण अन्तर्गत निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३ उत्तरदाताको शैक्षिक विवरण**

| शिक्षा | उत्तरदाता सङ्ख्या | प्रतिशत % |
|---|---|---|
| सामान्य साक्षर | ० | |
| एस.एल.सी. पास | २ | ५.१३ % |
| प्रमाणपत्र पास | ७ | १७.९४ % |
| स्नातक पास | १५ | ३८.४८ % |
| स्नातकोत्तर पास | १५ | ३८.४८ % |
| जम्मा | ३९ | १०० % |

स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।

माथिको तालिकाअनुसार उत्तरदाता ३९ जना महिलाहरुमध्ये अधिकतम १५ जना अर्थात् महिला स्नातक पास गरेको पाइयो । त्यसै गरी २ जना एस.एल.सी. पास, ७ जना प्रमाणपत्र पास, १५ जना स्नातकोत्तर पास रहेको पाइयो । स्वाभाविक रुपमा माथिल्लो कक्षा उत्तीर्ण भएपछि शिक्षण सेवाको उपल्लो तहमा प्रवेश गर्न सजिलो हुने भएकाले धेरै उत्तरदाताहरु उच्च शिक्षाको मामिलमा सबल रहेको देखिन्छ ।

### ४.६ उत्तरदाताको मासिक तलबको स्थिति

आम्दानीले व्यक्तिको जीवनमा ठूलो प्रभाव पारेको हुन्छ । उसको खानपान, लवाइ खवाई, व्यवहार, क्रियाकलाप, मान, प्रतिष्ठा, आचरणजस्ता कुराहरु आम्दानी वा तलवमा नै निर्भर रहेका हुन्छन् ।

उत्तरदाता महिलाहरुलाई मासिक आम्दानीबाट प्राप्त सन्तुष्टि वा असन्तुष्टिका बारे प्रश्न गर्दा १४ जना महिलाहरु सन्तुष्ट रहेका तथा २५ जना महिलाहरु असन्तुष्ट रहेको पाइयो । यसबाट ७४.३५ प्रतिशत महिलाहरु तलब बृद्धिमा जोड दिएको देखिन्छ । त्यसैगरी मासिक तलबबाट असन्तुष्ट महिलाहरुमध्ये २५ जनाले तलब पर्याप्त हुनुपर्ने कुरा बताएको पाईयो ।

यसै क्रममा ५ जना १२.८२ प्रतिशत महिलाहरुले मासिक तलब आफुखुशी खर्च गर्दा रहेछन् भने ३४ जना ८७.१७ प्रतिशत महिलाले योजनाबद्ध तरिकाले पारिवारिक सल्लाहअनुसार मासिक तलबलाई खर्च गर्दा रहेछन् ।

आम्दानीलाई विभिन्न शीर्षकहरुमा विभाजन गरेर खर्च गरिन् स्वाभाविक हो तापनि उत्तरदाता महिलाहरुलाई विशेषतः कुन शीर्षकमा बढी खर्च गर्नुहुन्छ ? भनी सोधिएको प्रश्नबाट सङ्कलित विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ उत्तरदाताको तलव खर्च विवरण**

| क्षेत्र | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शिक्षा | २० | ५१.२८ % |
| खाद्यान्न | १५ | ३८.४८ % |
| बचत | ४ | १०.२५ % |
| जम्मा | ३९ | १०० % |

स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।

माथिको तालिकाअनुसार ५१.२८ प्रतिशत २० उत्तरदाताहरुले मासिक तलबलाई शिक्षामा लगानी गर्ने गरको पाइयो । त्यसै गरी गरी ३८.४६ प्रतिशत १५ जना ले खाद्यान्नमा खर्च गरेको पाइयो भने निकै नै कम अर्थात् १०.२५ प्रतिशत ४ जना ले बचत गर्ने गरेको पाइयो । यस तथ्याङ्कबाट बाँच्नका लागि खाद्यान्न नभई नहुने भए पनि अधिकांश महिलाले आफ्नो मासिक तलब शिक्षामा लगानी गरेको हुँदा शैक्षिक चेतनाको सबालमा उत्तरदाता महिलाहरु सचेत रहेको देखिन्छ ।

## ४.७ उत्तरदाताको सम्पत्ति विवरण

नेपाली समाज पितृसत्तात्मक समाज हो । कानूनतः महिलाका पनि सम्पत्तिमाथिको हकलाई प्रत्याभूति गरेको भए पनी व्यवहारमा त्यो अक्षरश : पालना हुन सकिरहेको छैन ।सोहीअनुरुप स्थलगत अध्ययनको क्रममा उत्तरदाता ३९ जना महिलामध्ये २७ जनाको आफ्नै नाममा सम्पत्ति

रहेको पाइयो भने १२ जनाको आफ्नै नाममा सम्पत्ति नरहेको पाइयो । सम्पत्ति भएका महिलामध्ये १८ जनाको नाममा घर भएको पाइयो भने बाँकीको नाममा जग्गा रहेको पाइयो ।

### ४.८ उत्तरदाताको बचत विवरण

कमाएको पैसा भविष्यका लागि वचत भयो भने जीवनयापनमा सहजता पुग्ने हुन्छ । ३९ जना उत्तरदातामध्ये ४ जनाले बैंक तथा वित्तिय संस्थामा आफ्नो पैसा बचत गर्ने गरेको पाइयो भने बाँकी ३५ जनाले खासै बचत नहुने भएकाले बैंक तथा वित्तीय संस्थामा जम्मा गर्नै नपुग्ने बताए । त्यस्तै, २२ जना महिलाले कतै लगानी गरेका रहेछन् भने १७ जनाले नगरेका रहेछन् ।

**बैयक्तिक अध्ययन १**

पर्वत भगेरा २०३० सालमा जन्मिएकी सिता थापा हाल श्री रत्न आधारभूत विद्यालयमा प्रध्यानाध्यापक पदमा कार्यरत हुनुहुन्छ । पोखरा पृथ्वीनारायण क्याम्पसबाट स्नातकोत्तर गरेकी थापा शिक्षण सेवामा निकै फुर्तिली र जागरिली हुनुहन्छ । २०५६ सालमा विरेन्द्र थापा सँग विवाह भएको उहाँ २०६२ सालमा शिक्षण सेवामा लाग्ने उत्प्रेरणा आफ्नै श्रीमान तथा घर परिवारबाट पाएको बताउनुहुन्छ । सामाजिक प्रतिष्ठा सेवाको सुरक्षा नीति निर्माणमा पुगीने हुँदा र शिक्षाको प्रकाश छरेर समाजलाई शिक्षित बनाउन सकिने हुदा यो सेवा मन परेको हो भन्ने कुरा बताउनुहुन्छ । बृत्ति विकास अध्ययन भ्रमण उत्कृष्ट पेशा र स्थायी सरकार जनताको नजिक रहेर सार्वजानिक सेवा प्रवाह गर्न संलग्न रहन सकिने जस्ता पक्षलाई उहाँ यस सेवाको अवसरको रुपमा लिनुहुन्छ ।

बालबालीका घरयासी तथा अन्य सामाजिक कार्यहरु सँगसगै व्यवस्थापन गर्नुपर्ने विषयलाई उहाँले समस्याको रुपमा लिनु भएको छ ।  राष्ट्र निर्माणमा शिक्षाको नै महत्व रहेको र सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय बनाई समाजमा कुनै पनि बालबालिका शिक्षाबाट बन्चित नगराई समाज परिवर्तन गर्ने उच्च आत्म विश्वार व्यक्त गर्नुहुन्छ ।

# परिच्छेद पाँच

# शिक्षण सेवामा महिला सहभागिता

यस अध्यायअर्न्तगतशिक्षण सेवा प्रवेशपूर्वको जागिरको स्थिति, सेवा प्रवेशमा प्रेरणाको स्रोत, शिक्षण सेवा बारे चर्चा गरिएको छ । त्यसै गरी जागिरमा प्रवेश गर्दाको पद, पदोन्नतिको प्रकार, हालको पद पनि उल्लेख गरिएको छ । शिक्षण सेवामा महिला सहभागिता र सशक्तीकरण शीर्षक रहेको यस अध्ययनको शुरुवात शिक्षण सेवा प्रवेशपूर्वको जागिरको स्थितिबाट गरिएको छ ।

## ५.१ शिक्षण सेवाप्रवेश पुर्वको जागिरको स्थिति

शिक्षणक्षेत्रमा प्रवेश गर्नुभन्दा एक वर्षसम्म अगाडिको समयलाई सेवा पूर्वको स्थिति मानिएको छ । यसरी शिक्षण सेवामा आउनुभन्दा अगाडि ३९ जना उत्तरदाता महिलाहरुलाई यस क्षेत्रमा प्रवेश गर्नुभन्दा पहिला कुन क्षेत्रमा हुनुहुन्थ्यो ? भनी सोधिएको प्रश्नमा मिश्रीत प्रतिक्रिया प्राप्त भएको थियो । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१ उत्तरदाताको शिक्षण सेवा प्रवेशपूर्वको स्थिति**

| क्षेत्र | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| गृहिणी | ८ | २०.५१% |
| विद्यार्थी | १० | २५.६४ % |
| अभिभावकलाई सहयोग गर्ने | ६ | १५.३८ % |
| अन्य जागिर | ८ | २०.५१ % |
| व्यापार | ७ | १७.९४ % |
| जम्मा | ३९ | १०० % |

स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।

उपर्युक्त तालिकाअनुसार शिक्षण सेवा प्रदेशपूर्व अधिकांश उत्तरदाता महिलाहरु विद्यार्थी रहको पाइयो । जसमा १० जना ४३.१५ प्रतिशत रहेका छन् । त्यसै गरी ८ जना गृहिणी र ८ जना अन्य जागि गरेका रहेछन् । त्यस्तै ६ र ७ जना महिलाहरु अभिभावकलाई सहयोग एवम् व्यापार गर्दा रहेछन् ।

### ५.२शिक्षणसेवा प्रवेशमा प्रेरणाको स्रोत

परिवार तथा समाजका विविध क्षेत्रहरुमा यस्ता व्यक्तित्वहरु हुन्छन्, जसको प्रेरणाले गर्दा जीवनको लक्ष्य निर्धारण गरिएको हुन्छ । शिक्षण सेवा प्रवेशमा प्रेरणाको स्रोत कसलाई मान्नुहुन्छ ? भनी सोधीएको प्रश्नमा उत्तरदाता महिलाहरुले दिएको जवाफलाई निम्नलिखित तालिकाद्धारा प्रष्ट पारिएको छ ।

**तालिका ५.२ उत्तरदाताको सेवा प्रवेशमा प्रेरणाको स्रोत**

| प्रेरणाको स्रोत | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| परिवारको सदस्य | २९ | ७४.३५ % |
| साथी | ४ | १०.२५ % |
| छिमेकी | ४ | १०.२५ % |
| शिक्षण | २ | ५.१३ % |
| जम्मा | ३९ | १०० % |

स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।

माथिको तालिकाअनुसार आफ्नै परिवारका सदस्यलाई शिक्षण सेवा प्रवेशमा प्रेरणाको स्रोत मान्ने सर्वाधिक २९ जना रहेका छन् । ४ जना महिलाले साथीहरुलाई प्रेरणाका स्रोतका रुपमा लिएका छन् । भने जम्मा ४ र २ जना महिलाले क्रमश : छिमेकी तथा शिक्षणलाई प्रेरणाका स्रोतका रुपमा लिएको देखिएको छ । तसर्थ, धेरै भन्दा धेरै उत्तरदाताहरु परिवारका सदस्यलाई नै सेवा प्रवेशमा प्रेरणाको स्रोतका रुपमा लिएको प्रष्ट हुन्छ ।

### ५.३ शिक्षण सेवामा आकर्षण गर्ने तत्व

कुनै पनि पेशा, व्यवसाय गर्न वा जागिर खानका लागि केही न केही तत्वले प्रभाव पारिरहेकै हुन्छ । ती प्रभाव पार्ने वा अझ भन्नु आकर्षण गर्ने  तत्वहरु  यस प्रकार तालिकामा देखाइएको छ ।

**तालिका ५.३ उत्तरदाताकोशिक्षण सेवामा आकर्षण गर्ने तत्व**

| तत्व | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| तलब | ३ | ७.६९२% |
| प्रतिष्ठा | ५ | १२.८२ % |
| जीविकोपार्जन | २६ | ६६.६६ % |
| नेतृत्व | ५ | १२.८२ % |
| जम्मा | ३९ | १०० % |

स्रोतः स्थलगत सर्वेक्षण, २०७७ ।

यस तालिका अनुसार ५ जना महिलाहरुलाई शिक्षण सेवा एक प्रतिष्ठित पेशाको रुपमा रहेकाले यस पेशामा आकर्षित रहेको पाइयो । त्यस्तै २६ जनालाई दैनिक जीवनयापन वा जीविकोपार्जन गर्न सहज हुने भएकाले यस पेशामा आकर्षित भएका रहेछन् । नेतृत्व सीपको विकासका लागि ५ जना उत्तरदाता आकर्षित भए भने ३ जना महिलालाई शिक्षण सेवाको तलवले आकर्षण गरेको रहेछ । शिक्षण सेवालाई जीविकोपार्जन लागि पहिलो आकर्षण र उक्त सेवालाई प्रतिष्ठा र नेतृत्वको रुपमा दोस्रो आकर्षणको रुपमा लिइएको पाइयो ।

### ५.४ जागीर प्रवेश गर्दाको पद :

तत्कालीन समयमा खुलेका शिक्षण सेवाका विज्ञापनहरुमा, आफ्नो योग्यता, क्षमता र लिइने परीक्षाको मूल्याङ्कनद्धारा जागीर प्रवेशको निर्धारण हुन्छ । यिनै व्यक्तिगत गुण र जागिरको स्थिति जस्ता तत्वले गर्दा शुरुवातमा कुन पदबाट सेवामा प्रवेश गर्नुभयो ?

**५.४ उत्तरदाताको जागिर प्रवेश गर्दाको पद**

| पद | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| इसिडी | ८ | २०.५१% |
| प्राथमिक | २१ | ५३.८४ % |
| निम्न माध्यमिक | ६ | १५.३८% |
| माध्यमिक | ४ | १०.२५ % |
| जम्मा | ३९ | १०० % |

स्रोतः स्थलगत सर्वेक्षण २०७७ ।

माथिको तालिकाअनुसार ८ जना महिलाहरु इसिडी पदबाट सेवा प्रवेश गरेको पाईयो प्राथमिकमा २१ जना नि.मा.वि बाट ६ जना र माध्यमिकबाट ४ जना प्रबेश गरको पाईयो ।

### ५.५ पदोन्नति प्रकार

जागिर प्रवेश गरेपछि अवकाश लिदासम्म विभिन्न माध्यम तथा प्रक्रियाद्धारा पदोन्नति हुन्छ । ती पदोन्नतिका प्रक्रिया वेग्लावेग्लै हुन पनि सक्दछन् । त्यस्तै उत्तरदातालाई शिक्षण सेवामा प्रवेशपश्चात् कुन प्रक्रियाद्धारा तपाईको पदोन्नति भयो ? भन्ने प्रश्नलाई उत्तरका रुपमा निम्न तालिकामा चढाइएको छ ।

**तालिका ५.५ उत्तरदाताको पदोन्नतिको प्रकार**

| प्रकार | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| खुल्ला प्रतिस्पर्धा | १८ | ४६.१५ % |
| आन्तरिक प्रतिस्पर्धा | ६ | १५.३८ % |
| बढुवाको समायोजनद्धारा | ५ | १२.८२ % |
| स्वतः बढुवा | ५ | १२.८२ % |
| पदोन्तति नभएको | ५ | १२.८२ % |
| जम्मा | ३९ | १०० % |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७ ।

स्थलगत सर्वेक्षण बाट प्राप्त माथिको तथ्याङकअनुसार शिक्षण सेवामा रहेका उत्तरदाता महिलाहरुमध्ये ४६.१५ प्रतिशत अर्थात् १८ जना उत्तरदाताहरु खुला प्रतिस्पर्धाको प्रक्रियाद्धारा पदोन्नति भएका रहेछन् । त्यस्तै, आन्तरिक प्रतिस्पर्धाबाट ६ जना अनि बढुवाको समायोजन द्धारा पनि ५ जना उत्तरदाताहरु पदोन्नतिमा परेको पाइयो । ५ जना उत्तरदाताहरु पदोन्नतिमा नपरेको पाइयो । तसर्थ १८ जना महिलाहरु खुला प्रतिर्स्धाबाट पदोन्नति भएकाले यो प्रक्रिया नै सर्वाधिक उत्तरदाताको पदोन्नतिको प्रक्रिया रहेको देखियो ।

### ५.६ उत्तरदाताको हालको पद

पोखराका वडा नं. १ र २ मा रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षण सेवाका ३९ जना उत्तरदाता महिलाहरु कुनै निश्चित पदबाट जागिर प्रवेश गरेर पदोन्नति हुँदै वा नहुँदै हाल कुन

पदमा छन् भन्ने पक्षलाई पनि अध्ययन गरिएको थियो । अध्ययनको क्रममा गरिएको स्थलगत सर्वेक्षणको तथ्याङ्कलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ५.६ उत्तरदाताको हालको पद**

| तह | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| इसिडी | ४ | १०.२५ % |
| प्रा.वी प्रथम | ४ | १०.२५ % |
| प्रा.वी द्धितिय | ३ | ७.६९ % |
| प्रा.वी तृतीय | १८ | ४६.१५ % |
| नि.मा.वि | ६ | १५.३८ % |
| मा.वि | ४ | १०.२५ % |
| जम्मा | ३९ | १०० % |

स्रोत : स्थलगत सर्वेक्षण २०७७।

माथिको तालिकाअनुसार ४, ४ जना इसिडी र प्रा वि प्रथम तहमा महिला सहभागिता रहेको देखिन्छ । त्यसैगरी १८ जना प्रा.वि तृतिय तहमा रहेको देखिन्छ ४ र ६ जना नि.मा.वि र मा.वि तहमा रहेको पाइयो । माथिको तालिका अनुसार महिलाहरुको सहभागिता प्रा.वि तहमा भन्दा नि.मा.वि र मा. वि तहमा न्युन रहेको देखिन्छ ।

**वैयक्तिक अध्ययन २**

वि.स २०२८ कलैयामा जन्मिनु भएकी सन्ध्या कुमारी पाठक बराल हाल श्री विन्ध्यावासिनी मा.वि मा प्रा.वी प्रथम तहमा कार्यरत हुनुहुन्छ । उहाँ यस पेशामा लागेको ३२ वर्ष बताउनु हुन्छ । २०५० सालमा र खुल्ला प्रतिस्पर्धा मार्फत स्थायी हुने प्रेरण उहाँको श्रीमान धर्म बराल तथा परिवारबाट पाएको बताउनु हुन्छ । यस पेशामा स्थायीतव जमाउन सफल सन्ध्या शिक्षा पेशामा सानैबाट रुची रहेको थियो र त्यो शिक्षिका बन्ने सपना पुरा भएर अजै पनि शिक्षा पेशामा शिक्षा पेशामा शिक्षा प्रधान गर्ने कार्य गरिरहेको बताउनुहन्छ । सामाजीक प्रतिस्ठा सेवाको सुरक्षा जस्ता पक्षहरु यस सेवाका राम्रा पक्षका रुपमा लिनुहुन्छ । जिवीको पार्जन, बालबालीका अध्ययनको अवसर र जागिर बाटै पाएको बताउने उनले २०४६ सालदेखी कास्की र बारा जिल्लामा रहेका ३,४ वटा विद्यालयमा पढाएर शिक्षामा धेरै अनुभव लिइएको बताउनुहुन्छ । चुनौती समानता गर्ने सदा तत्पर रहनुपर्ने बताउने उनी साना बालबालिका हुर्काउदा घर पाएका जागिर नभएर टाढाको विद्यालय हुदा र मासिक तलब बुझ्न नपाउनु समस्याको रुपमा लिनुहुन्छ ।

जव महिला शिक्षित हुन्छन् घर परिवार साथै राष्ट्र पनि शिक्षित हुन सक्ने हुदा महिलालाई महिला शिक्षा तथा जनचेतना कार्यक्रम मा सहभागी गराउनु पर्छ भन्ने धारणा राख्ने सन्ध्या अहिले पोखरा २१ मा बस्नु हुन्छ ।

# परिच्छेद ६

# शिक्षण सेवामा कार्यरत महिलाको अवस्था र महिला सशक्तिकरण

यस अध्यायमा महिलाको अवस्था र सशक्तिकरणको बारेमा अध्ययन गरिएको छ। जसअर्न्तगत सेवा प्रवेश पछिको भ्रमण जागीर पश्चात् उत्तरदातामा आएको परिवर्तन, महिलाको जीवन शैली उकास्ने उपाय, उत्तरदाताको कार्यप्रति परिवारको सहयोग, उत्तरदाताको समय व्यवस्थापन, दैनीक कार्ययोजना उत्तरदाताको समय व्यवस्थापन, दैनिक कार्ययोजना त्यसैगरी घरायसि निर्णय प्रक्रियामा महिला, महिला सशक्तीकरणमा सरकारी भुमिका, महिला आरक्षणप्रतिको उत्तरदाताको धारणा, कार्यक्षेत्रको लैङ्गीक वातावरण महिला सशक्तिकरणमा पुरुष सहकर्मीको सहयोग र शिक्षण सेवामा महिलाको समस्या जस्ता विषयवस्तुहरु समेटीएको छ । अध्यायको शुरुवात सेवा प्रवेशपछिको भ्रमणबाट गरिएको छ।

## ६.१ उत्तरदाताको सेवा प्रवेश पछिको भ्रमण

मनोरञ्जनका लागि होस् वा बौद्धिकता निखार्नका लागि ज्ञान बटुल्न होस्, मानिसले समय समयमा विभिन्न ठाउँको भ्रमण गर्ने गर्दछन् चाहे त्यो भ्रमण व्यक्तिगत होस् या त कामको सिलसिलामा नै किन नहोस्, त्यसै गरी उत्तरदाता महिलाहरुलाई तपाई कतै घुम्न जानुभएको छ ? भनी सोधिएको जिज्ञासामा निम्नानुसार जवाफ प्राप्त भयो, जुन तलको तालिकामा देखाइएको छ।

**तालिका ६.१ उत्तरदाताको भ्रमण क्षेत्र**

| क्षेत्र | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पर्यटकीय | ७ | १७.९४ % |
| धार्मीक | ४ | १०.२५ % |
| शैक्षिक | २२ | ५६.४१ % |
| भ्रमण नै नगर्ने गरेको | ७ | १७.९४ % |
| जम्मा | ३९ | १०० % |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७।

उपर्युक्त तालिकाअनुसार शिक्षण सेवामा कार्यरत ३९ जना उत्तरदाता महिलामध्ये १७.९४ प्रतिशत अर्थात ७जना महिलाहरु पर्यटकीय क्षेत्रको भ्रमण गर्दा रहेछन्। ४ जनाले धार्मिक र २२ जनाले

शैक्षिक क्षेत्रको भ्रमण गरेको पाइयो त्यसैगरी ७ जनाले भ्रमण नै नगरेको पाइयो । यसबाट भ्रमण क्षेत्र निश्चित रुपमा पर्यटकीय, धार्मीक तथा शैक्षिक क्षेत्र रहेको पाइयो ।

## ६.२ जागीरपश्चात् उत्तरदातामा आएको परिवर्तन

शिक्षण सेवाका महिलाको अवस्थालाई मध्यनजर गर्दा जागिरपश्चात उत्तरदातामा केही परिवर्तन आए नआएको बारे अध्ययन गरिएको थियो । ३९ जना उत्तरदातामध्ये ३१ जनाले परिवर्तनको अनुभव गरे भने जम्मा २ जनाले परिवर्तन नभएको प्रतिक्रिया दिए । त्यसमध्ये ६ जनाले खासै परिवर्तन नभएको जनाए, यसै प्रसंगमा कस्तो प्रकारको अनुभव प्राप्त गर्नुभयो ? भनी सोधिएकोमा निम्नानुसारको प्रतिक्रिया पाइएको थियो । उक्त प्रतिक्रियालाइ निम्न तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका ६.२ जागीरपश्चात् उत्तरदातामा आएको परिवर्तन**


| परिवर्तन प्रकार | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आत्मविश्वासको वृद्धि | २२ | ५६.४१ % |
| आर्थिक सशक्तता/सामाजिक | ८ | २०.५ % |
| विकास | ५ | १२.९ % |
| विचारको सम्मान | २ | ५.१ % |
| नेतृत्व सीप विकास | २ | ५.१ % |
| जम्मा | ३९ | १०० % |

स्रोत स्थलगत सर्वेक्षण, २०७७ ।

माथिको तालिकाअनुसार ३९ जना उत्तरदाता महिलामध्ये २२ जनाले आत्मविश्वासमा वृद्धि भएको बताएका छन् । त्यसै गरी ७ जनाले नेतृत्व सीपको विकास र विकास भएको २ जनाले परिवारका ससदस्यहरुले उनीहरुको विचारको सम्मान गरेको बताएका थिए । त्यसै गरी ८ जनाबाट आर्थिक रुपमा सशक्त भएको र सामाजिक विकास पनि भएको जवाफ पाइयो ।

## ६.३ महिलाको जीवनशैली उकास्ने उपाय

शिक्षण सेवामा कार्यरत महिलाहरुले जीवनशैलीमा सकारात्मक परिवर्तन वा जीवनशैली उकास्ने उपायका बारेमा उत्तरदातारुसँग जिज्ञासा राख्दा प्राप्त तथ्याङ्कलाई निम्न चित्रमा प्रस्तुत गरिएको छ ।





**चित्र ६.१ महिलाको जीवनशैली उकास्ने उपाय**

स्रोत : स्थलगत सर्वेक्षण, २०७७ ।

माथिको चित्र ६.१ ले महिलाको जीवनशैली उकास्ने उपाय देखाएको छ । यस चित्रअनुसार अधिकांश महिला (५०.८ प्रतिशत) हरुले शिक्षामार्फत महिलाको जीवनशैली उकास्न सकिने धारणा व्यक्त गरेका छन् त्यस्तै ३६.९ प्रतिशत महिलाले रोजगार प्रदान गऱ्यो भने जीवनशैली उभो लाग्ने जवाफ दिए भने अति नै कम अर्थात १२.३ प्रतिशत उत्तरदाताले महिलाको सीप विकास मार्फत जीवनशैली उकासिने कुरा व्यक्त गरे त्यसकारण पनि भन्न सकिन्छ कि शिक्षा नै यस्तो आधारभूत र महत्पुर्ण पक्ष हो, जसले महिलाको जीवनलाई साँच्चै नै उकास्न सकिन्छ ।

## ६.४ उत्तरदाताको कार्यप्रति परिवारको सहयोग

शिक्षण सेवामा कार्यरत पोखरा महानगरपालिकाका सामुदायिक विद्यालयमा कार्यरत महिलाहरु सेवामा कार्यरत रहेको अवस्थामा घर परिवारका सदस्यहरुले काम प्रति सहयोग गर्छन कि गर्दैनन् भन्ने सवालमा निम्न लिखित जवाफलाई चित्रद्धारा प्रष्टयाइएको छ ।




**चित्र ६.२ उत्तरदाताको कामप्रति परिवारको सहयोग**

स्रोत : स्थलगत सर्वेक्षण, २०७७ ।

यस चित्रअनुसार, ९२.३१ प्रतिशत (३६ जना) उत्तरदाता महिलाहरुलाई घर परिवारका सदस्यहरुले पूर्णरुपमा सहयोग मिलेको देखिन्छ । भने नगन्य मात्रामा जम्मा ७.६९ प्रतिशत (३ जना) महिलालाई मात्र घरपरिवारका सदस्यले असहयोग गर्ने गरेको बुझिन्छ । यस हिसाबले नेपाली पितृसत्तात्मक समाजमा पनि घरपरिवारका सदस्यले महिला जागिरे भएपछि उनीहरुलाई सहयोग गर्नुपर्छ भन्ने सकारात्मक सोचको विकास गरेका देखिन्छ ।

## ६.५ उत्तरदाताको समय व्यवस्थापन

उत्तरदाता महिलाहरुले आफ्नो जागिरको अलावा बाँकी समय व्यवस्थापन तथा सदुपयोग कसरी गर्ने रहेछन् ? भनी गरिएको अध्ययनअनुसारको नतिजालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.३ उत्तरदाताको जागिर पश्चात फुर्सदको समय व्यवस्थापन**

| व्यवस्थापनको तरिका | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| घरायसी काम | २२ | ५६.४१ |
| बाल बच्चाको रेखदेख | ८ | २०.५१ |
| अध्ययन | ७ | १७.९४ |
| व्यापार | २ | ५.१२ |
| जम्मा | ३९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७।

उपर्युक्त तालिकाअनुसार उत्तरदाता महिलाहरुमध्ये सर्वाधिक २२ जना ५६.४१ प्रतिशत महिला आफ्नो जागिरबाहेकको समयमा घरायसी काममा संलग्न रहेको पाइयो । २ जना महिलाले व्यपार गर्ने गरेको र ८ जना महिलाले बाल बच्चाहरुको रेखदेख गर्ने गरेको तथा अध्ययन गर्ने गरेको तथा अध्ययन गर्ने गरेको देखिन्छ र यसबानट पनि के तथ्याङ्क निकाल्न सकिन्छ भने अघिल्लो अध्ययन जुन उत्तरदाताले घर परिवारले काममा ३६ जना महिलाले सहयोग गर्ने गर्छन् भन्ने जवाफ पाइएको सन्दर्भमा उत्तरदाताले पनि घरायसी काममा पूर्ण रुपमा समय खर्चिएको देखिन्छ ।

### ६.६ दैनिक कार्यको योजना

मानिस सामाजिक प्राणी हो । समाजमा विविध किसिमका परिस्थितिहरु आइपर्छन र साथै घरमा पनि । त्यसैले ती परिस्थितिहरुको सामना गर्न सही समयमा सही योजना बनाउनुपर्ने हुन्छ । उत्तरदाताले दैनिक रुपमा बनाएको योजनालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.४दैनिक कार्ययोजना**

| कार्य | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| योजनाबद्ध | २९ | ७४.३५ |
| अनौपचारिक योजना | ३ | ७.६९ |
| प्राथमिकताको आधारमा | ५ | १२.८२ |
| कहिलेकहीँको योजना | २ | ५.१२ |
| जम्मा | ३९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७।

माथीको तालिकाअनुसार २९ जना महिलाले योजनाबद्ध तरिकाले दैनिक कार्यको योजना बनाउने गरेको देखिन्छ । त्यस्तै ५ जनाले प्राथमिकताको आधारमा २ जनाले कहिलेकहीँ मात्र र ३ जनाले अनौपचारिक रुपमा दैनिक कार्यको योजना बनाउने गरको देखियो । यस प्रकारले धेरै भन्दा धेरै महिलाहरुले कि त योजनावद्ध तरीकाले वा कार्यको प्राथमिकताको आधारमा दैनिक कार्यको योजना बनाउने तथ्याङ्क प्राप्त भयो ।


**वैयक्तिक अध्ययन ३**

श्री विन्ध्यावासिनी मा.वि प्रावि तहमा कार्यरत मन्धरा कोइराला २०२७ सालमा जन्मिनु भएको हो । पोखरा ४ निवासी कोइराला २०५४ साल देखि यस पेशामा लागेको बताउनुहुन्छ । श्रीमान बसन्त राज पाण्डे पनि शिक्षण पेशामा लाग्न आफ्नै श्रीमानले उत्प्रेरणा दिइएका बताउँनुहुन्छ । सानै देखी शिक्षा पेशामा रुची रहेको र जिवीको पार्जनका लागि भएनी यस शिक्षा पेशा रोजेको बताउनु हुन्छ ।

सेवाको सुरक्षा र स्थायीत्व विशेषज्ञता देखाउन मिल्ने सामाजिक मान प्रतिस्ठा इज्जत हुने माध्यम भएकोले नै शिक्षण सेवाको क्षेत्र रोजेको बताउँनु हुन्छ । आफु भएका ज्ञान उतार्न पाइने हुदा यस पेशामा सन्तुस्ट रहेको धारणा व्यक्त गर्ने कोइराला यस क्षेत्रलाई सकरात्मक दृष्टिकोणले हेरेकाले उहाँले सहयोग मिलेको बताउँनु हुन्छ । कार्यक्षमता र नेतृत्व विकास तथा भ्रमण आदीलाई यस सेवाको अवसरको रुपमा लिनुहुन्छ । राजनैतिक हस्तक्षेप घरायसी तथा जागिर व्यवस्थापन समस्याको रुपमा रहेको उहाँको धारणा छ ।

## ६.७ घरायसी निर्णय प्रक्रियामा महिला

घर-परिवार चुस्त-दुरुस्त रुपले चलाउनका लागि ठीक समयमा सही निर्णय हुनु जरुरी हुन्छ । तसर्थ उत्तरदाताको घरमा गरिने घरायसी निर्णय लिने प्रक्रियालाई निम्न चित्रमा देखाइएको छ ।





स्रोत : स्थलगत सर्वेक्षण, २०७७ ।

**चित्र ६.३ घरायसी निर्णय प्रक्रियामा महिला**

माथिको चित्र नं. ७.१ बाट घरायसी निर्णय लिँदा १८ जना उत्तरदाता महिला जुन ४६.१ प्रतिशत रहेका छन् । परिवारका सदस्यको बैठक बसेर लिइने रहेछ । त्यस्तै, २ जना महिला स्वयंले निर्णय लिँदा रहेछन् । तसर्थ अधिकांश महिलाहरुले आफै निर्णय नलिई कि त परिवारका सदस्यको वैठक बसाली वा परिस्थितिको अध्ययन गरेर मात्र घरायसी निर्णय लिइने रहेछ, भन्ने कुरा वुझिन्छ ।

## ६.८महिला सशक्तिकरण सरकारी भूमिका

समाज तथा समग्रमा देश विकासका प्रत्येक सवालमा सरकारी भूमिका उल्लेखनीय रुपमा रहेको हुन्छ । विशेषत: लैङ्गिक सवालअर्न्तगतको महिला सशक्तिकरणमा सरकारी भूमिकाको सन्दर्भमा सङकलित तथ्याङ्कलाई निम्न चित्रद्वारा प्रष्ट पार्न खोजीएको छ ।




स्रोत : स्थलगत सर्वेक्षण, २०७७।

**चित्र नं. ६.४महिला सशक्तिकरणमा सरकारी भूमिका**

चित्र ७.२ बाट उत्तरदाता महिलाहरुको विचारमा सरकारले महिला शिक्षामा वढी जोड दियो भने महिला सशक्तीकरणमा उल्लेख्य योगदान हुने धारणा व्यक्त गरेको देखिन्छ। यो धारणा व्यक्त गर्नेमा २४ जना अर्थात ६१.५ प्रतिशत महिलाले राखेका हुन् । त्यसै गरी १५.३९ प्रतिशत महिला सशक्तीकरणका लागि तालिम प्रदान गर्नुपर्दछ, विचार व्यक्र गरे । ५.४ जना महिलाले यदि सरकारले महिलालाई शिक्षण सेवामा आकर्षित गर्न सक्यो भने वा सीप प्रदान गर्न सक्यो भने मात्र महिला सशक्तीकरणका लागि सरकारले शिक्षामा अहम् भूमिका खेल्नुपर्ने धारण व्यक्त  गरेका छन्।

## ६.९ महिला आरक्षणप्रतिको उत्तरदाताको धारणा

शिक्षण सेवामा महिला पुरुषबीचका समान उपस्थितिकालागि आरक्षणको विषयमा गरिएको स्थलगत सर्वेक्षणबाट प्राप्त नतिजालाई निम्न तालिकामा देखाइएको छ।

**तालिका ६.४ उत्तरदाताको महिला आरक्षप्रति धारणा**


| धारण | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आरक्षण आवश्यक | १५ | ३८.४६ % |
| समावेशी हुनुपर्ने | १ | २.५६ % |
| सवावेशी बनाउनुपर्ने | ८ | २०.५१ % |
| समयअनुसार परिवर्तन गर्नुपर्ने | १५ | ३८.४ % |
| जम्मा | ३९ | १०० % |

स्रोतः स्थलगत सर्वेक्षण, २०७७।

माथिको तालिका अनुसार ३९ जना उत्तरदाताहरुमध्ये समयअनुसार आरक्षणमा परिवर्तन गर्नुपर्छ भन्ने १५ जना, शिक्षण सेवामा आरक्षण अनिवार्य बनाउनु पर्छ भन्नेमा १५ जना महिलाहरु रहेका छन् । त्यस्तै १ जना उत्तरदाताले आरक्षण समावेशी हुनुपर्छ भने ८ जनाले आरक्षण आवश्यकमात्र भएको धाराणा व्यक्त गरे ।

### ६.१० कार्यक्षेत्रको लैङ्गिक वातावरण

महिला र पुरुषविच कार्यक्षेत्रमा विभेद नहुनुपर्ने वर्तमान परिप्रेक्ष्यमा कार्यक्षेत्रमा हुने लैंङ्गिक वातावरणलाई तल उल्लेखित चित्रमा प्रस्तुत गरिएको छ ।





स्रोत : स्थलगत सर्वेक्षण, २०७७।

**चित्र नं. ६.५कार्यक्षेत्रको लैङ्गिक वातावरण**

माथि उल्लिखित चित्रमा देखाएजस्तै ६४.१७ प्रतिशत २५ जना महिलाले कार्यक्षेत्रमा महिला र पुरुषविच समान वातावरण रहेको बताए। त्यसैगरी ३५.८९ प्रतिशत १४ जना महिला र पुरुषवीच समान बातावरण रहेको बताए। तर असमानभन्दा समान वातावरण बताउने महिलाको सङ्ख्या तुलनात्मक रुपमा बढी नै भएको देखिन्छ।

## ६.११ महिला सशक्तिकरणमा पुरुष सहकर्मीको सहयोग

भनिन्छ महिला र पुरुष एउटै रथका दुई पाङ्गा हुन एक अर्कोको सहयोग विना जिवन समधुर रुपले अगि बढ्न सक्दैन तसर्थ पनि पुरुषलाई महिलाको एवम् महिलाहरुलाई पुरुषको सहयोग अपरिहार्य जस्तै छ। यसै सन्दर्भमा महिला सशक्त बनाउने सवालमा पुरुष सहकर्मीको सहयोगको मात्राको बारेमा गरिएको अध्ययनलाई स्थलगत सर्वेक्षणको आधारमा निम्न चित्रमा प्रस्तुत गरिएको छ।




स्रोत : स्थलगत सर्वेक्षण, २०७७

**चित्र ६.६महिला सशक्तीकरणमा पुरुष सहकर्मीको सहयोग**

उपर्युक्त चित्र ७.४ अनुसार महिला सशक्तीकरणका लागि पुरुषको सहयोग उच्चमा १९ जना ४८.७१ प्रतिशत सामान्य सहयोगमा ११ जना २८.२० नगण्य सहयोगमा २ जना ५.१ प्रतिशत तथा

मध्यम सहयोगमा ७ जना १६.९४ महिलाहरु रहेको पाइयो । धेरै महिलाले पुरुषको सहयोग पाएको नै बताए ।

### ६.१२शिक्षण सेवामा महिलाका समस्या

मानिसले जीवनमा धेरै समस्याहरु सामना गर्नुपरेको हुन्छ । त्यस्तै महिलाले पनि शिक्षण सेवामा सामना गर्नुपरेका समस्याहरुलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.५शिक्षण सेवामा महिलाका समस्या**

| समस्याको प्रकृति | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला सशक्तिकरण | ११ | २८.२० % |
| लैङ्गिक विभेद | २ | ५.१२ % |
| अपायक जागिर | १५ | १२.८२ % |
| शिशु स्याहार केन्द्र आवश्यक | १ | २.५६ % |
| आर्थीक क्षेत्रलाई जोड दिने | १ | २.५६ % |
| पढाई र जागिर सँगै लैनान नसकिने | ५ | ३८.४८ % |
| समय सापेक्ष तालिम आवश्यक | ३ | ७.६९ % |
| कृषिको विकास हुनुपर्ने | १ | २.५६ % |
| जम्मा | ३९ | १०० % |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

माथिको तालिकाअनुसार ५ जना महिलालाई पढाई र जागिर सँगसँगै लैजान नसकेको स्थितिलाई समस्याको रुपमा लिएका छन् । त्यस्तै ११ जना महिलाले अझै पनि महिलाले पूर्ण रुपमा सशक्त हुनुपर्ने खाँचो औल्याए भने १५ जना महिलाले दूरीको हिसाबले अपायक ठाउँमा खाएको जागिरलाई अर्को समस्याको रुपमा लिएको पाइयो । क्रमशः २ जनाले लैङ्गिक विभेद, १ जनाले शिशु स्याहार केन्द्र आवश्यक भएको, ३ जनाले समयसापेक्ष तालिम आवश्यक भएको कार्यलाई यस सेवाका महिलाको समस्याको रुपमा लिएको पाइयो ।

**वैयक्तिक अध्ययन : ४**

पोखरा महानगरपालीका १६ बाटुलेचौर वर्ष ४८ कि लक्ष्मी देवकोटा श्री सस्कृत मा.वि मा शिक्षण पेशामा कार्यरत हुनुहुन्छ । २०५० साल देखि शिक्षा पेशामा लाग्नु भएकी देवकोटा पेशामा स्थायीत्व जमाउन आफ्नै श्रीमान र परिवारबाट प्रेरेणा पाएको बताउनु हुन्छ । २७वर्ष अध्ययन गराईराख्नु भएकी देवकोटा सेवाको स्थायीतव सुरक्षा सामाजिक प्रतिष्ठा आदीको कारणले गर्दा यस सेवालाई आफ्नो पेशाको रुपमा रोजेको बताउँनुहुन्छ । घरयासी सहयोग र जनसम्पर्क पनि वढ्ने भएकाले यो सेवाबाट पुर्ण सन्तुस्ट रहेको बताउँनु हुन्छ । सेवा प्रवेश पछि आत्मनिर्भर र आत्मा विश्वासमा बृद्धि भएको बताउँने उहाँ हाल विविध क्षेत्रमा लगानी गर्नुको साथै अन्य सहकारी एंव समाजिक संस्थामा समेत संलग्न रहेर केही थप कार्यमा र समालेको बताउनु हुन्छ । अध्ययनलाई महत्वदिन तिव्र इच्छा हुदा पनि जागिरको व्यवस्थापनले अध्ययनमा प्रर्यात्न समय दिन नसकेको गुनासो छ । जागिर सँगै घर व्यवस्थापन र घरयासी जागीर नहुदा यो समस्याको रुपमा लिनु भएको छ ।

# परिच्छेद ७
# अध्ययनको सार, प्राप्ति तथा निष्कर्ष

## ७.१ अध्ययनको सार

मुलतः यो अध्ययन शिक्षणमहिलाहरुको सहभागिता र सशक्तीकरण का महिलाहरुको विषयमा पोखरा महानगरपालिका वडा नं १ र २ मा रहेको सामुदायिक विद्यालय एक समाजशास्त्रीय अध्ययन हो । यस अध्ययनमार्फत शिक्षण सेवामा महिलाहरुको सामाजिक, आर्थिक अवस्था, तथा सशक्तिकरण सम्बद्ध विविध अनुसन्धाानात्मक अन्तर्वार्ता अनुसूचीलाई आधार मानिएको थियो । तिनै प्रश्नहरु सम्बोधन गर्न अध्ययनका उद्देश्य तय गरिएको थियो जुन यस प्रकार छन् ।

क) शिक्षण सेवामा महिलाहरुको सहभागिता पत्ता लगाउने ।

ख) शिक्षण सेवामा कार्यरत महिलाहरुको सशक्तीकरणको सबालमा सामाजिक, आर्थिक अवस्था पहिचान गर्ने ।

ग) शिक्षण सेवामा कार्यरत महिलाहरुले सामना गरेका समस्याहरु पत्ता लगाउने तथा विश्लेषण गर्ने ।

आधारभूत रुपमा शैक्षिक उद्देश्यले गरिएको यस अधययनबाट शिक्षण सेवाका महिलाका सबालमा केही नयाँ नयाँ तथ्यगत कुराहरुलाई समेत उजागर गर्ने प्रयास गरिएको छ । यसै सन्दर्भमा विभिन्न पूर्व अध्ययनलाई समेत समेट्ने प्रयास गरिएको छ । अनुसन्धानको शोधार्थको रुपमा अध्ययनका लागि सीमित बजेट र समय रहेको थियो । यसर्थ पनि शिक्षण महिलाको समाजशास्त्रीय अध्ययनलाई मात्र समेटिएको छ । अध्ययनकर्ता सोही क्षेत्रमा कार्यरत हुनाले पोखरा महानगरपालिका वडा नं. १ र २ मा रहेका विद्यालयमा आबद्ध शिक्षिका महिलाको अध्ययनमा सहजतासमेत हुन पुगेको थियो । वर्णानात्मक शैलीमा लेखीएको यस अध्ययनले पोखरा महानगरपालिकाका विद्यालयमा कार्यरत ३९ जना महिलालाई उत्तरदाताका रुपमा लिई विश्वसनीय तथ्याङ्क तथा सूचना सङ्कलनमा विशेष जोड दिइएको छ । अध्ययनको उद्देश्य पूर्ति गर्न प्रत्यक्ष अवलोकन, अन्तर्वार्ता अनुसूची तथा वैयक्तिक अध्ययन विधि अपनाई तथ्याङ्क सङ्कलन गरिएको थियो । यस अध्ययनमा विशेषत प्राथमिक तथ्याङ्क सङ्कलन जोड दिईएको र द्धितिय स्रोतलाई पनि आवश्यकताअनुसार समेटिएको छ । यसरी सङ्कलित तथ्याङ्कलाई कम्प्यूटरको एसपीएसएस प्रोगाामको प्रयोग गरी तालिका तथा अन्य चित्रबाट प्रस्तुत गरिएको छ ।

नेपाली समाजका सामाजिक, आर्थिक, राजनैतिक शैक्षिक लगायतका क्षेत्रमा महिलाको हैसियत अति न्यून रहेको छ । घरमा सानातिना कुरामा निर्णय गर्नेदेखी लिएर अन्य सामाजिक तथा राष्ट्रिय निकायसम्म पुरुषकै बाहुल्य रहेको पाइन्छ । शिक्षा आर्जन र ज्ञान आर्जनको क्षेत्रमा समेत निकै पछि परेका छनन् । परम्परागत मूल्य, मान्यता, रुढिवादी संस्कार अशिक्षा र गरीबीका कारणले लैङ्गिक विभेद कायम हुन प्गेको हो । यसैले पनिसंस्कार अशिक्षा र गरीवीका कारणले लैङ्गिक विभेद कायम हुन पुगेको हो । यसैले पनि महिलाहरु उच्च आर्थिक उत्पादन र निर्णयक तहमा पुग्न नसकेको अवस्था छ । यिनै समस्याहरुमा नेपाली समाज जकडिएकाले महिला सशक्तीकरणका तथा लैङ्गिक समस्यालाई सम्बोधन गरी विकासको मूल प्रवाहमा ल्याउन सकिउको छैन । जहाँसम्मशिक्षण सेवाका महिलाको सहभागिताको प्रश्न छ  आधा आकाश ढाकेको महिलाको सो क्षेत्रमा नगन्य उपस्थिति रहेको अवस्था छ । यो संखया बढाउन त्यति सरल नभए पनि सहभागिता अभिवृद्धिका लागि सरकाले नीतिगत तथा कानूनी रुपमा नै सकरात्मक विभेद तथा आरक्षण सम्बन्ध नीतिहरुको व्यवस्था गरी सहभागिता वृद्धिमा समेत प्रशस्त चुनौतीहरु रहेको कुरा स्वीकार्नु पर्ने हुन्छ । शिक्षण सेवाका क्षेत्रमा महिलाहरु सशक्तिकरणका सबालमा पनि अझै पनि परम्परागत मूल्य मान्यता र संस्कारले गर्दा संस्थागत दमनमा परेका छन् । यस अध्ययनबाट पनि घरायसी निर्णय प्रक्रियादेखि अनय अहम् विषयवस्तुमा महिलाहरुले समान अवसर प्राप्त गर्न सकेका छैनन् ।

### ७.२ अध्ययनका प्राप्ति

शिक्षण सेवामा महिला सहभागिता र सशक्रीकतरणसम्बन्धी अध्ययनको क्रममा स्थलगत सर्वेक्षणबाट प्राप्त जानकारीहरुलाई निम्नानुसार सूचकि्त गरिएको छ ।

- यस अध्ययनमा ३९ जना महिला उत्तरदातामध्ये शतप्रतिशत हिन्दू धर्मालम्बी रहेको पाइयो ।
- सम्पूर्ण उत्तरदाताहरुमध्येका ६४.१० प्रतिशत ब्राम्हण रहेकोमा क्षेत्री १५.३८ र १७.९४ प्रतिशत (७ जना) नेवार र अन्य जातिहरु रहेको देखिन्छ ।
- उमेरको हिसाबले अध्ययन गर्दा १२.८२ प्रतिशत महिलाहरु ३५.४० वर्ष उमेर समूहका रहेको पाइयो । त्यस्तै अति कम ७.६९ प्रतिशत मात्र ३० वर्षभन्दा मुनिका रहेको छन् ।
- उत्तरदाता महिलाहरुमध्ये अधिकांश ५१.२८ प्रतिशत ४ जना ४ जना सदस्य रहेको परिवारमा वस्छन् । त्यस्तै २० जना महिलाहरु एकल परिवारबाट आएको कुरा बताए ।

- महिलाको शैक्षिक स्तरलाई हेर्दा ३८.६ प्रतिशत १५ महिलाहरु पास गरेको छन् । समाजमा साक्षर महिला रहने वर्तमान परिप्रेक्ष्यमा शिक्षण सेवामा कार्यरत महिलाको न्यून शैक्षिक स्तरबाट प्रगति भएको तथ्याङ्कबाट प्रष्ट हुन्छ ।
- जम्मा २९ जना (७४.३५ प्रतिशत) महिलाहरु मासिक तलब भत्ताबाट असन्तुष्ट रहेकोमा तलब बृद्धिमा बढी जोड दिएको पाइन्छ ।
- ८६.१७ प्रतिशत (५३४ जना महिलाले योजनाबद्ध तरिकाले मासिक तलब खर्च गर्दा रहेछन् ।
- सम्पूर्ण उत्तरदाता महिलाहरुमध्ये ५१.२८ प्रतिशत २० ले मासिक तलबलाई शिक्षामा लगानी गरेको पाइयो । शैक्षिक चेतनाको हिसाबले यो अंक अति नै प्रशंसनीय पनि हो ।
- सम्पतिको बारेमा अध्ययन गर्दा जम्मा २७ जनाको आफ्नै नाममा सम्पत्ति रहेको देखिन्छ ।
- मासिक तलबबाट आएको बचतलाई १८ जना उत्तरदाता महिलाले कतै आय आर्जनका क्षेत्र र घरजग्गा जस्ता अचल सम्पत्ति खरिदमा लगानी गरेका रहेछन् । जुन आर्थिक दृष्टिकोणले केही हदसम्म सबल पक्ष हो ।
- शिक्षण सेवामा प्रवेश पूर्व २५.६४ प्रतिशत महिला विद्यार्थी रहेछन् भने अति न्यून क्रमशः १५.३८ अभिभावकलाई सहयोग गर्ने कुरा तथ्याङ्कले देखाएको छ ।
- ७४.३५ प्रतिशत २९ महिलाले आफ्नै परिवारका सदस्यलाइ शिक्षण सेवा प्रवेशका लागि प्रेरणाको लागि प्रेरणाको स्रोत मानेका छन् ।
- शिक्षण सेवामा हुने इज्जत तथा प्रतिष्ठाको कारणले ५ जना महिलाई उक्त सेवाले आकर्षण गरेको रहेछ । त्यसतै २६ जना उत्तरदाता महिला जीविकोपार्जनका लागि यस सेवामा लागेका रहेछन् ।
- अनुसन्धानको क्रममा ४०.६ (२६ जना) महिलाहरुको जागिर प्रवेश गर्दाको पद सहलेखापाल र खरिदार रहेको पाइयो ।
- ६०.७ प्रतिशत (३४) महिलाहरु खुला प्रतिस्पर्धाद्धारा एवम् २८.६ प्रतिशत (१६) उत्तरदाताहरु स्वतः बढुवा भई पदोननति भएको पाइयो ।
- ६५ जना उत्तरदाताहरु मध्ये २३ जना (३५.९ प्रतिशत) को हालको पद खरिदार तथा २१ जना (३२.८) प्रतिशत को हालको पद नायब सुब्बा रहेको पाइयो ।
- सम्पूर्ण उत्तरदाताहरुमध्ये अधिकांश अर्थात ८९.१ प्रतिशतको सेवाको प्रकृतिअनुरुप अप्राविधिक क्षेत्रमा कार्यरत छन् ।

- उत्तरदाताको भ्रमण गर्दा ५६.४१ प्रतिशतले शैक्षिक भ्रमण गर्ने रहेछन् ।
- ५६.४१ प्रतिशत महिलाले जागिरपश्चात् आफुमा आत्मविश्वासको अनुभूति गरेको र आफुहरु स्वयं आत्मनिर्भर बन्न सकेको बताए ।
- शिक्षा नै महिलाको जीवनशैली उकास्ने उपाय हुनसक्छ भन्ने ५०.८ प्रतिशत महिलाले सहमति जनाए ।
- ९२.३१ प्रतिशत महिलालाइ घर परिवारका सदस्यबाट पूर्णरुपमा सहयोग प्राप्त भएको देखिन्छ ।
- उत्तरदाता महिलाहरुमध्ये ५६.४१ प्रतिशत (२२ जना) महिलाले जागिरको अलावा घरायसी काम समेत गरेर समय व्यवस्थापन गरेको पाइयो ।
- २९ जना७४.३५ प्रतिशत उत्तरदाताले योजनाबद्ध तरिकाले दैनिक कार्य गर्ने गरेको तथा १७ जना २५.६४ प्रतिशत महिलाले कामको प्राथमिकताका आधारमा योजना बनाउने गरेको देखिन्छ ।
- घरायसी निर्णय लिदा ४६.१ प्रतिशत महिलाको हकमा परिस्थिति अनुरुप निर्णय लिइएको रहेछ । त्यस्तै ४८.७ प्रतिशतको परिवाका सदस्य वीच बैठक बसेर तथा जम्मा ५.१ प्रतिशतले स्वयं महिलाले नै घरायसी निर्णय लिँदा रहेछन् । घरायसी निर्णय प्रक्रियामा महिलाको सहभागिता अति न्युन रहेको देखिन्छ ।
- ६१.५ प्रतिशत महिलाले कार्यक्षेत्रमा महिला र पुरुषवीच समान बातावरण रहेको धारणा व्यक्त गरे ।
- ४८.१ प्रतिशत १९ महिलालाई महिला सशक्तीकरणको सबालमा पुरुष सहकर्मी कर्मचारीको उच्च सहयोग मिलेको पाइयो ।
- शिक्षण सेवामा ३८.४६ प्रतिशत महिलालाई पढाई र जागिर सँगसँगै लैजानुपर्ने हुँदा यसलाई चुनौतिका रुपमा लिएको देखिन्छ ।

### ७.३ निष्कर्ष

शिक्षण सेवामा अधिकांश रुपमा महिलाहरुको बाहुल्यता रहेको छ । अध्ययनमा लिइएका महिलामध्ये हिन्दू धर्मावलम्वी ब्राम्हण महिलाको अधिक सहभागिता रहेको पाइयो । शिक्षण सेवामा धेरै महिलाहरु आफ्नो मासिक तलबदेखि असन्तुष्ट छन् । यति हुँदाहुँदै पनि मासिक

तलबलाई योजनाबद्ध तरीकाले खर्च गर्नेको संख्या पनि धेरै रहेको अध्ययनबाट पत्ता लागेको छ । मासिक आम्दानीको बढी हिस्सा शिक्षामा खर्च गर्ने महिलाको सङ्ख्या पनि अधिक नै रहेको देखियो । यसका अलावा शिक्षण सेवामा सहभागी हुने महिला गृहिणीहरु र विद्यार्थीहरु रहेका छन् । यस सेवामा प्रवेशका लागि परिवाका सदस्यलाई प्रेरणाको स्रोत मान्ने महिला धेरै रहेका छन् । शिक्षण सेवालाई इज्जत तथा प्रतिष्ठाको विषय र जीविकोपार्जनको माध्यम दुवै मान्ने महिलाहरु यस सेवाप्रतितिनै कारणले आकर्षित भएका रहेछन् । यस सेवाका महिलाले शिक्षालाई प्रत्येक दृष्टिकोणबाट जोड दिइएको पाइयो ।

त्यसै गरी शिक्षण सेवाको जागीर खाएपछि आफूमा आत्मविश्वास बढेको र आत्मनिर्भर हुननसकेको धेरै महिलाले अनुभूति गरेका छन् । यस सेवाका क्षेत्रका करिब करिब सवैजसो महिलालाई घरपरिवारबाट पूर्ण सहयोग रहेको अध्ययनबाट पत्ता लागेको छ । तापनि घरायसी निर्णय प्रक्रियामा महिलाको न्यून सहभागिता रहेको गुनासो भने यथावतै छ । सरकाले महिला शिक्षामा जोड दिए, महिला सशक्तीकरणमा अझ टेवा मिल्ने विचार धेरै महिलाले व्यक्त गरेको पाइयो । समयअनुसार आरक्षणमा परिवर्तन हुनुपर्ने धारणा करीब आधाजसो महिलाले व्यक्त गरेको देखियो । यस सेवाको कार्यक्षेत्र महिला र पुरुषवीच समान वातावरण भएकाले पुरुष सहकर्मीको यथेष्ट सहयोग मिलेको पाइयो । पढाइ र जागीर घरव्यवस्थापन सँगसँगै लैजानुपर्ने जस्ता विषयहरु महिलाको अर्को चुनौतीका रुपमा खडा भएको देखिन्छ ।

अन्य अध्ययनबाट पोखरा महानगरपालिकाका सामुदायिक विद्यालयमा कार्यरत महिला सहभागिता र सशक्तीकरणका सवालमा विभिन्न किसिमका चुनौतीहरुसमेत देखा परेका छन् । इसिडीमा कार्यरत महिला शिक्षकहरु तलबको रुपमाअसन्तुष्ट रहेको बताउँछन् । अरु सबै शिक्षकहरु सरह समय दिंदा पनि प्राथमिक शिक्षिकाहरु सरह तलब नपाउँदा आफुहरु आफुले पाउने तलब प्रति असन्तुष्ट रहेको बताउछन् ।उनीहरुले मासिक रुपमा तलब नपाउनु अर्को समस्याको रुपमा लिएका छन् ।

# सन्दर्भग्रन्थ सुची


अर्याल, भोजेन्द्र (२०६२) : *लैङ्गिक अध्ययन,* दिक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाडौं ।

आचार्य, बलराम (२०६०) : *लैङ्गिक अध्ययन,* नेशनल बुक सेन्टर, भोटाहिटी, काठमाडौं ।

इन्सेक (१९९६) : *मानव अधिकार वर्ष पुस्तक,* काठमाडौं ।

गिडन्स, एन्थोनी (२००१) : *सोसीयोलोजी,* प्रेस इन एसोसिएसन विथ व्ल्याक वाल पब्लिसर लिमिटेड, यू.के. ।

तामाङ्ग सेरा (२००४) : *नेपालमा विकास नारीवाद :* नेपालको सन्दर्भमा सन्दर्भमा समाजशास्त्रीय चिन्तन : मेरी डेसेन, प्रत्युष वन्त, सोसल साइन्स बौद्ध, काठमाण्डौं ।

द.यो. आ (२०६०) : *दशौं योजनाको आधारपत्र,*जनसहयोगी प्रकाशन काठमाण्डौं ।

देवकोटा (ढकाल), मीरा (२००७) : *एजुकेटेड वुमन इन गर्भनमेन्ट इम्प्लोइमेन्ट,* अ केश स्टडी अफ पोखरा सब मेट्रोपोलिस एण्ड कास्की डिष्ट्रिक डेभलपमेन्ट कमिटि अफिस अप्रकाशित एम.ए. शोधमत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, त्रि.वि.वि., काठमाण्डौं ।

निरौला, ढुण्डीप्रसाद (२०६२) : *शासन सञ्चालनका नवीन मान्यताहरु,*सोपान मासिक, काठमाण्डौं ।

नि.सें.ऐ. (२०४९) : *निजामति सेवा ऐन, दोस्रो संशोधन,*मकालु प्रकाशन गृह, काठमाडौं ।

ने.सं. (२०७२) : *नेपालको संविधान,* कानुन तथा न्याय मन्त्रालय, कानुन किताव व्यवस्था समिति, काठमाडौं ।

पराजुली प्रकाश सागर २०७२ *: विद्यालय व्यवस्थापनमा महिला सहभागिता* अप्रकाशित एम.ए शोधपत्र काठमाण्डौँ संघशास्त्र, समाजशास्त्र, मानवशास्त्र त्रि.वि.वि ।

पाण्डे, हुमकला (२०६५) : *नेपालको सार्वजानिक प्रशासनमा महिला सहभागिता,*काठमाण्डौ ।

शि.न : शिक्षा नियमावली २०५७ मकालु प्रकाशन गृहा काठमाण्डौँ ।

भट्ट भीमदेव (२०६१) : *सार्वजनिक प्रशासनको आधारभूत सिद्धान्त,* काठमाडौं ।

भासीन, कमला (२०६१) : *पुरुष, पुरुषत्व र पुरुषवाद, स्त्रीशक्ति*, काठमाडौं ।

महिला अधिकारः भाग३, धारा ३८ नेपालको संविधान २०७२ ।

सियन, गेरडा (१९८४) : *जेण्डर, सेक्स एण्ड सेक्सुआलिटी*, टायल र एण्ड फ्रान्सिस, लिमिटेड, लण्डन ।

शर्मा कमला (२०६८) : *निजामति सेवामा महिला सहभागिता र सशक्तिकरण* अप्रकाशित एम.ए शोधपत्र काठमाण्डौँ संघशास्त्र, समाजशास्त्र, मानवशास्त्र त्रि.वि.वि ।

ढुङ्गाना सावित्री (२०६९) : *" छात्रा सहभागितामा महिला शिक्षणको भुमिका "*अप्रकाशित शोधप्रत्र शिक्षा विभाग, पोखरा पृथ्वी नारायण क्याम्पस ।

सापकोटा कमला (२०६८) : *"प्राथमिक विद्यालय व्यवस्थापनमा महिला प्र.अ को भुमिका"*

(अप्रकाशित शोधपत्र शिक्षण विभाग पोखरा, पृथ्वीनारायण क्याम्पस ।

सापकोटा, चक्रपाणी (२०६०) : *" सुर्खेत जिल्लामा महिलाहरुको शैक्षिक अवस्था अप्रकाशित "* सोधपत्र किर्तीपुर त्रि.वि.वि ।

अर्याल, वेद प्रसाद (२०६६) : *"सामुदायिक विद्यालय व्यवस्थापनमा महिला सहभागिता"*(अप्रकाशित शोधपत्र शिक्षण विभाग पोखरा, पृथ्वीनारायण क्याम्पस ।

ढुङ्गाना सावित्री (२०६९) : *"छात्रा सहभागितामा महिला शिक्षणको भुमिका"*(अप्रकाशित शोधपत्र शिक्षण विभाग पोखरा, पृथ्वीनारायण क्याम्पस)

सेडिड २००६ : शिक्षा र विकास भोलुम २२० काठमाण्डौँ साझा प्रकाशन

UNESCO BANGKOK (2007), The impact of women teachers on girl education; unicef

च.प.यो. (२०७६-०६६-०८००) : *" चालु पन्धौ योजना (२०७६-०६६-०८००) को आधारपत्र"*, काठमाण्डौ साझा प्रकाशन ।

**अनुसुची १**

**शिक्षण सेवामा महिला सहभागिता र सशक्तीकरण सम्वन्धी**

**पोखरा महानगरपालीका वडा नं. १ र २ मा रहेका सरकारी विद्यालयमा कार्यरत महिला**

**शिक्षिकाहरुको लैङिक अध्ययनको प्राथमिक सर्वेक्षण २०७७**

**अनुसन्धानकर्ता : सम्झना सुवेदी**

**पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा**

**अन्तर्वार्ता अनुसुची**

**१) साधारण/आधारभूत जानकारी**

१.१ व्यक्तिगत विवरण

नाम थर ................................ मिति :

जात जाति : उमेर :

स्थायी ठेगाना : धर्म :

विद्यालयको नाम :.............................................

शैक्षिक योग्यता :

जागिरमा प्रवेश गर्दाको वैवाहिक अवस्था :

क) विवाहित ☐ ख) अविवाहित ☐

**१.१ जागिरको विवरण :**

| शुरु पद | हालको पद | शुरु नियुक्ति मिति | जागिर गरेको अवधि | काम गरेको स्थानहरु |
|---|---|---|---|---|
| | | | | |

**१.२ परिवारको आकार :**

| जम्मा सदस्य सङ्ख्या | पुरुष | महिला | छोरा | छोरी |
|---|---|---|---|---|
| | | | | |

**१.३ परिवारको किसिम**

क) एकल परिवार ☐ ख) संयुक्त ☐ ग) अन्य ☐

**२) के तपाईं क्याम्पसमा कुनै तहमा अध्ययनरत हुनुहुन्छ ?**

क) छ ☐ ख) छैन ☐

**यदि भएमा कुन तहमा अध्ययनरत हुनुहुन्छ ?**

क) प्रमाण पत्र तह ☐ ख) स्नातक तह ☐

ग) स्नातकोत्तर तह ☐ घ) स्नातकोत्तर तहभन्दा माथिका ☐

**३) तपाईले शिक्षण सेवा प्रवेश गर्नुपूर्व के गर्नुहुन्थ्यो ?**

क) केवल गृहिणी ☐ ख) विद्यार्थी ☐

ग) अभिभावकको सहयोगी ☐ घ) अन्य जागिर ☐

ङ) व्यापार व्यावसाय ☐

**४) शिक्षण सेवा प्रवेश गर्नका लागि कसबाट प्रेरण पाउनुभयो ?**

क) आमाबावु घरपरिवार पतिबाट ☐ ख) विद्यार्थी ☐

ग) छरछिमेकबाट ☐ घ) शिक्षणबाट ☐

**५) तपाईंलाई शिक्षण सेवामा प्रवेशका लागि कुन कुराले बढी आकर्षण गरेको हो ?**

(कृपया सही उत्तरमा ठीक(✓) चिन्ह लगाउनुहोस् )।

क) तलव भत्ताले ☐ ख) मान, प्रतिष्ठा, इज्जतले ☐

ग) जीविकोपार्जनको माध्यम भएकोले ☐ घ) नीति निर्माणको तह/नेतृत्वमा ☐

ङ) अन्य केही भएमा ☐

**६) तपाई माथिल्लो पदमा पदोन्नति हुँदा कुन प्रकियाद्धारा हुनुभएको हो ।**

क) खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताद्धारा ☐

ख) आन्तरिक प्रतिस्पर्धात्मक प्रतियोगिताद्धारा ☐

ग) बढवाको समायोजनद्धारा ☐

**७) तपाई आफ्नो पदमा सेवा अवधिभरमा छोटो अवधि अल्पकालिन र लामो अवधिका दीर्घकालीन तालिमहरु हालसम्म लिनुभएको छ ?**

क) छ ☐ ख) छैन ☐

**यदि भएमा कस्तो प्रकारका तालिम लिनु भएको हो ? तालिमबारे उल्लेख गर्नुहोस् ।**

**८) तपाईंलाई आफ्नो विद्यालयले विभिन्न तालिम सभा, सम्मेलन, गोष्ठी र सेमिनारहरुमा एक वर्षमा प्रतिनिधिको रुपमा पठाउने गरेको छ , छैन ?**

क) छ ☐ ख) छैन ☐

**छ भने कतिपटक सहभागी हुनुभएको छ ?**

क) १ पटकमात्र ☐ ख) २ पटकसम्म ☐

ग) ३ पटकसम्म ☐ घ) ४ पटक वा सो भन्दा माथि ☐

**९) तपाईं शिक्षण सेवामा प्रवेश गर्नुपूर्व कुनै सामाजिक सङ्घ/संस्थाको सदस्य वा कार्यसमिति पदाधिकारीमा आबद्ध पदाधिकारीमा आबद्ध भएर काम गर्नुभएको थियो ?**

क) गरेको थिएँ ☐ ख) गरेको थिइनँ ☐

**१०) तपाई शिक्षण सेवामा प्रवेश गर्नुपूर्व कुनै सामाजिक सङ्घ/संस्थाको सदस्य वा कार्यसमिति पदाधिकारीमा आवद्ध भएर काम गर्नुभएको थियो ?**

क) छ ☐ ख) छैन ☐

**यदि छ भने कस्तो खालको पदमा रहेर कार्यभार सम्हाल्नु भएको छ ?**

क) संस्थाको कार्यसमिति पदाधिकारी ☐ ख) कुनै विशेष जिम्मेवारी ☐

**११) तपाईं शिक्षण सेवाको ट्रेड युनियन वा पेशागत संङ्गठनमा आबद्ध हुनुहुन्छ भने कुन पदमा रहेर काम गर्नु भएको छ ।**

क) आवद्ध छु ☐ ख) आवद्ध छैन ☐

**यदि पेशागत संङ्गठनमा आबद्ध हुनुहुन्छ भने कुन पदमा रहेर काम गर्नु भएको छ ?**

क) अध्यक्ष ☐ ख) उपाध्यक्ष/कोषाध्यक्ष, सचिव ☐

ग) सदस्य ☐ घ) अन्य केही विशेष जिम्मेवारी ☐

**१२) तपाईं कुन अर्न्तराष्ट्रिय स्तरका सामाजिक सङ्घ/संस्था जस्तै लायन्स क्लव, जेनिस क्लव, रोटरी क्लवमा आबद्ध हुनुहुन्छ वा हुनुहुन्न ?**

क) छु ☐ ख) छैन ☐

**यदि हुनुहुन्छ भने कुन संस्थामा आबद्ध हुनुहुन्छ ? उल्लेख गर्नुहोस् ।**

....................................

**१३) के तपाईं आफ्नो मासिक तलबबाट सन्तुष्ट हुनुहुन्छ ?**

क) छु ☐ ख) छैन ☐

**यदि छैन भने मासिक तलब कति हुनुपर्छ भन्ने ठान्नुहुन्छ ?**

क) पर्याप्त ☐ ख) जिविकोपार्जन गर्नपुग्ने ☐

ग) वचत गर्नपुग्ने ☐

**१४) तपाईं आफुले जागिरबाट आर्जन गरेको मासिक तलव खर्च गर्दा कसरी गर्नुहुन्छ ?**

क) आफुखुशी खर्च गर्ने ☐

ख) सबै मासिक तलब परिवारलाई बुझाउनु पर्ने ☐

ग) योजनाअनुसार आवश्यक कार्यमा परिवारसँग छलफल गरी खर्च गर्ने ☐

**१५) तपाईको मासिक आम्दानीबाट तपाईंले कुन कार्यमा बढी रकम खर्च गर्नुहुन्छ ?**

क) शिक्षामा ☐ ख) खाद्यान्नमा ☐ ग) स्वास्थ्यमा ☐

घ) श्रृङ्गारमा ☐ ङ) बचत गर्नेमा ☐ च) अन्य ☐

**१६) तपाइको आम्दानीबाट वचत गरेको रकम कहाँ जम्मा गर्नुहुन्छ ?**

क) बैङक तथा वित्तीय संस्थामामा ☐

ख) घरमै सङ्कलन गर्ने ☐ ग) ब्याजमा लगानी गर्ने ☐

**१७) के तपाईंले सङ्कलन गरेको बचत रकम कुनै क्षेत्रमा लगानी गर्नुभएको छ ?**

क) छ ☐ ख) छैन ☐

यदि छ भने कस्तो कार्यमा लगानी गर्नुभएको छ ?

क) शेयर खरिदमा ☐ ख) आय आर्जनका कार्यमा ☐

ग) व्यापार व्यवसायमा ☐ घ) घरजग्गा खरिदमा ☐

**१८) तपाईको परिवारमा तपाईको जागिरबाहेक अन्य परिवारका सदस्यको आयको स्रोतहरु केही छन् ?**

क) छ ख) छैन

यदि केही भएमा उल्लेख गर्नुहोस् ।

....................................

**१९) के तपाईको नाममा घर/जग्गा खरिद गर्नुभएको छ ?**

क) छ ☐ ख) छैन ☐

यदि छ भने के ?

ग) घर ☐ घ) जग्गा ☐

**यदि छ भने किन तपाईको नाममा रजिष्ट्रेशन गर्नुभएको हो ?**

क) महिलालाई सम्पत्तिमा पहुँच दिई सशक्त बनाउन ☐

ख) रजिष्ट्रेशन शुल्कमा छुट पाईने नियम भएकाले ☐

ग) पुरुष घर बाहिर भएकाले ☐

घ) महिलाको आफ्नै आम्दानीबाट खरिद गरेकाले ☐

ङ) अन्य भए उल्लेख गर्ने...........................

**२०. के तपाई योजना बनाएर वार्षिक रुपमा परिवार कुनै स्थानको भ्रमण/यात्रा गर्ने गर्नुहुन्छ ? त्यसमा तपाईंको निर्णय लागू हुन्छ वा परिवारको ?**

क) मेरो ☐ ख) परिवारको ☐

यदि गर्नुहुन्छ भने कस्तो ठाउँको भ्रमण गर्नुहुन्छ ?

क) पर्यटकीय रुपमा रमणीय ठाउँको भ्रमण गर्नुहुन्छ ? ☐ ख) धार्मिक स्थल/मन्दिरमा ☐

ग) शैक्षिक क्षेत्रमा ☐ घ) औद्योगिक क्षेत्रमा ☐

**२१) तपाईंले जागीर गर्नुपूर्व र जागीर प्रवेश पश्चात् तपाईंको जीवनमा उल्लेखनीय परिवर्तन आएको केही पाउनुभएको छ ?**

क) छ ☐ ख) छैन ☐ ग) केही भन्न सक्दिन ☐

यदि छ भने कस्तो खालको परिवर्तन पाउनुभएको छ ? उल्लेख गर्नुहोस् ।

......................

**२२) शिक्षण सेवामा प्रवेश गर्नुभन्दा पहिला तपाईको कुन काममा बढी समय खर्च गर्नुहुन्थ्यो**

क) सम्पुर्ण समय घरायसी कार्यमा खर्च गर्थे ☐

ख) सबै समय अध्ययनमा लगाउँथे । ☐

ग) खासै योजना बनाएर समय बाडफाँड गर्ने गर्दैनथें । ☐

घ) निश्चित योजना बनाएर समय बाँडफाँड गरी अध्ययन गर्ने गर्थै । ☐

**२३) हाल तपाईंले आफ्नो दैनिक समय व्यवस्थापन कसरी गर्नुभएको छ ?**

क) निश्चित योजना बनाएर समय विभाजन गरेर कार्य गर्छु । ☐

ख) खासै योजना बनाउँदिनँ ☐

ग) कहिलेकाही योजना बनाउँछु । ☐

घ) जे अगाडी आइपर्छ त्यही कार्य गर्छु ।

**२४) तपाईं शिक्षण सेवामा प्रवेश गर्नुभन्दा पूर्व बजार जाँदा वा घरबाहिरका कार्यहरु र सामाजिक कार्यहरुमा सहभागी हुन जानुपर्दा एक्ले जानुहुन्थ्यो वा परिवारका सदस्यका साथ जानुहुन्थ्यो ?**

क) एक्लै ☐ ख) अभिभावकसँग ☐

ग) साथीभाइसँग ☐ घ) श्रीमान्सँग ☐

**२५) तपाईं जागिरमा प्रवेशपश्चात घरबाहिर जाँदा, बजार जाँदा वा सामाजिक कार्यमा सरिक हुनुपर्दा एक्ले जानुहुन्छ वा परिवारका अन्य सदस्यका साथ जानुहुन्छ ?**

क) एक्लै ☐ ख) अभिभावकसाथ/सँग ☐

ग) साथीभाइसँग ☐ घ) श्रीमान्सँग ☐

**२६) महिलाहरुको भूमिकामा उल्लेखनीय सुधारका परिवर्तन ल्याउन के महत्वपूर्ण हो भने लाग्छ तपाँइलाई**

क) जागीर ☐ ख) व्यापार/व्यवसाय ☐

ग) उद्यमी ☐ घ) कृर्षि पेशा ☐

ङ) शिक्षामा ☐

**२७) तपाईंको जागीरप्रति घरपरिवारको पूर्ण सकरात्मक र सहयोगी भूमिका पाउनुहुन्छ ?**

क) छ ☐ ख) छैन ☐

ग) ठीकै ☐ घ) असहयोग छ ☐

**२८) तपाईंको जागीरबाहेक अन्य समय (विहान बेलुका) कसरी व्यतीत गर्नुहुन्छ ?**

क) घरायसी कामधन्दामा ☐ ख) अध्ययन/लेखनमा ☐

ग) बालबच्चाको स्याहार सुसारमा ☐

घ) आयआर्जन हुने अन्य व्यावसायिक कार्यमा ☐

**२९) तपाईंको घरमा कुनै पनि कार्य गदौ कुसरी निर्णय लिनुहुन्छ ?**

क) पारिवारिक बैठक बसी छलफल र सहमतिद्धारा ☐

ख) पुरुष/घरमालिक स्वयंले निर्णय लिएर ☐

ग) महिलाले/घरमालिक स्वयंले निर्णय लिएर ☐

घ) परिस्थिति हेरी निर्णय गरिन्छ। ☐

**३०) महिलालाई सशक्त बनाउन सरकारी तवरबाट के गर्नुपर्ने जरुरी ठान्नुहुन्छ ? आफ्नो धारणा बनाउनुहोस्।**

क) शिक्षामा जोड दिनुपर्ने ☐

ख) शिक्षण सेवामा आकर्षण गर्ने ☐

ग) व्यवसायिक सीप तालिम प्रदान गर्ने ☐

घ) उद्यमी बन्नका लागि प्रेरित गर्ने ☐

ङ) आर्थिक सहयोग प्रदान गर्ने ☐

च) समावेशीकरण नै सशक्तीकरणको एउटा पाटो हो। ☐

**३१)शिक्षण सेवालाई समावेशी बनाउन लागू गरिएको आरक्षण पद्धतिप्रति तपाईको धारण राख्नुहोस्।**

क) आरक्षण आवश्यक हो। ☐

ख) समावेशी/आरक्षण व्यवस्थाको औचित्य छैन ।

ग) आरक्षणले केही मात्रामा शिक्षण सेवालाई समावेशी बनाएको

घ) यो व्यवस्था समयसापेक्ष लागु गरी क्रमशः हटाउदै लानुपर्ने

**३२) विद्यालयको कार्य बातावरणमा महिला र पुरुषका कर्मचारीका वीच सामान अवसर र समान सुविधा प्रदान भएको छ वा छैन यहाँलाई कस्तो लाग्छ ? आफ्नो धारणा राख्नुहोस् ।**

क) छ    ख) छैन

**यदि छैन भने कस्ता कार्यहरुमा खास गरी असमानता देखिन्छ ?**

क) सुविधामा    ख) तालिम/अध्ययन भ्रमण गोष्ठीमा

ग) निर्णय प्रक्रियामा    घ) विद्यालयको दैनिक कार्य जिम्मेवारीमा

**३३) तपाईंको विद्यालयमा कुनै विषयमा निर्णय गर्नुपर्दा महिला कर्मचारीलाई सहभागी गराइन्छ वा गराइदैन ?**

क) हरेक कार्यमा सहभागी गराईन्छ ∩

ख) कुनै कार्यमा मात्र सहभागी गराइन्छ । ∩

ग) सुचना नै दिइँदैन ∩

घ) राय/सुझावलाई वास्ता गरिँदैन । ∩

**३४) तपाईंको विद्यालयबाट शिक्षणबाट कुनै यौनजन्य दुर्व्यवहार भएको कुनै घटनासम्वन्धी रेकर्ड छ वा छैन ?**

क) छ ∩    ख) छैन ∩

**३५) तपाईंको कामप्रति उत्प्रेरित गराउन मनोबल उच्च गराउन पुरुष कर्मचारीबाट विद्यालयमा कस्तो खालको सहयोग प्राप्त छ ?**

क) अत्यन्तै राम्रो ∩    ख) सामान्य ∩

ग) खासै सहयोग छैन ∩    घ) ठीकै ∩

**३६) तपाई महिला शिक्षिका हुनुहुन्छ त्यसैले तपाईले आफ्नो घरायसी कार्य र विद्यालयको कार्यलाई कसरी सामन्जस्यपूर्ण गरी व्यवस्थापन गर्नुभएको छ ?**

क) घरायसी कार्य सम्पूण आफै गर्छु । ∩

ख) केही कार्यमा परिवारका सदस्यको सहयोग प्राप्त हुन्छ । ∩

ग) सबै काममा परिवारको सहयोग प्राप्त हुन्छ । ∩

घ) घरायसी काममा सहयोगी कामदार राखेको छु । ∩

**३७) महिला शिक्षिकालाई घरायसी र विद्यालयले दोहोरो कार्यबोझ हुन्छ यस भनाईप्रति यहाँको व्यक्तिगत धारण राख्नुहोस् ।**

क) यस भनाईप्रति पूर्ण सहमत ∩ ख) यस भनाईप्रति असहमत ∩

ग) व्यवस्थापन गर्न जरुरी छ ∩

घ) महिलाको समस्या समाधानमा सबैको सहयोगी भुमिका हुनु आवश्यक छ । ∩

**३८) शिक्षण सेवाको जागिरको सिलसिलामा यहाँलाई आइपरेका कठिनाईहरु बुँदागत रुपमा बताईदिनुहोला**

१. २.

३. ४.

**३९) यस क्षेत्रमा कार्यरत महिलाका चुनौतिहरु के-के हुन् जस्तो लाग्छ ? कृपया आफ्नो धारणा बुदाँगत रुपमा राख्नुहोस् ।**

१. २.

३. ४.

# अनुसुची-२

शिक्षण सेवामा वडा नं. १ र २ मा रहका सामुदायिक विद्यालयमा कार्यरत महिला र पुरुषको सङख्यात्मक विवरण

१. राष्ट्रिय मा.वि

| क.स | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | १५ | १३ | २८ |

२. संस्कृत मा.वि

| क.स | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ५ | १२ | १७ |

३. रत्ना आ.वि

| क.स | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ८ | २ | १० |

४. विन्ध्यावासिनी गुरुकुल

| क.स | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | | ६ | ६ |

५) विन्ध्यावासिनी मा.वि

| क.स | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ११ | १२ | २३ |